का.जि.प्र.का.द.नं. १००/०५९/६०
२७ जेठ २०८२,
मंगलबार
10 June, 2025
Tuesday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्नु

वर्ष २३, अंक १२८ । पृष्ठ ८ Madhyanha National Daily www.madhyanhadaily.com

## भारतीय बिचौलिया राखेर घुस

**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, २६ जेठ ।

नेपाल बैंक लिमिटेड सञ्चालक समितिका पूर्वअध्यक्ष डा. चन्द्रबहादुर अधिकारीविरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सोमबार भ्रष्टाचार मुद्दा दायर गरेको छ ।

रूपन्देहीको सिद्धार्थनगर-१, बेलहियास्थित भुसाल हस्पिटालिटीलाई बैंकबाट ऋण लिने प्रक्रियामा



नेपाल बैंकका पूर्वअध्यक्षसहित ५ जनाविरुद्ध भ्रष्टाचार मुद्दा

सहजीकरण मार्फत् १९ लाख रुपैयाँ घुस लिएको आरोप अधिकारविरुद्ध लागेको छ । घुस बापतको रकम भारतीय नागरिक लक्की भन्ने खुस नसिब अन्सारी मार्फत् अधिकारीले लिएको देखिएको अख्तियारले अभियोगपत्रमा उल्लेख गरेको छ।

अधिकारीले भुसाल हस्पिटालिटीलाई बैंकबाट १ अर्ब ७७ करोड २९ लाख रुपैयाँ कर्जा प्रवाह गराइदिएबापत १९ लाख रुपैयाँ घुस लिएको पुष्टि भएको अख्तियारले जनाएको छ ।

उनीसँगै अख्तियारले भुसाल हस्पिटालिटीका सञ्चालक बालकृष्ण भुसाल, अंकित भुसाल र अमृत भुसालविरुद्ध पनि मुद्दा दायर गरेको छ । अख्तियारले अधिकारीमाथि थप २ वटा आरोप पनि लगाएको छ ।

उनीमाथि हिमाल-तराई कन्स्ट्रक्सन प्रालिलाई ऋण दिँदा ५ लाख रुपैयाँ घुस लिएको आरोप छ । त्यसैगरी हिमाल-तराई कन्स्ट्रक्सनलाई ऋण दिँदा ५० लाख रुपैयाँ घुस खाएको तेस्रो आरोप छ ।

### यस्तो छ भारतीय कनेक्सन

रुपन्देहीको सिद्धार्थनगर-१, बेलहियामा भुसाल हस्पिटालिटीले सञ्चालन गर्न लागेको रेडिसन होटल परियोजनाका लागि नेपाल बैंकबाट १ अर्ब ७७ करोड २९ लाख ऋण लिने प्रक्रिया अघि बढेको थियो ।

अख्तियारका प्रवक्ता राजेन्द्र कुमार पौडेलका अनुसार यही क्रममा तत्कालीन अध्यक्ष अधिकारीले हस्पिटालिटीका अध्यक्ष बालकृष्ण भुसाल र उनका छोरा अंकितसँग ह्वाट्सएप मार्फत निरन्तर सम्पर्क स्थापित गरे ।

ऋण सहजीकरणको आश्वासन दिँदै अधिकारीले भारतीय नागरिक अन्सारीसँगको मिलेमतोमा घुस रकम माग गरेको आयोगको दाबी छ । ३० भदौ २०८१ मा रकम माग भएपछि भुसाल पक्षले २ किस्तामा घुस रकम उपलब्ध गराएको थियो ।

पहिलो किस्तामा ७ लाख रुपैयाँको चेक जारी गरिएको थियो । बाँकी १२ लाख रुपैयाँ अमृत भुसालको एभरेष्ट बैंक खाताबाट 'अनन्या इन्टरप्राइजेज' नामक कम्पनीको सिटिजन बैंक खातामा रकमान्तर भएको छ।

यसरी फरक-फरक माध्यमबाट पृष्ठ २ मा



**काठमाडौं-तराई/मधेश द्रुतमार्ग निर्माण**

## सात वर्षसम्म सुल्झिएन विवाद



"ऐतिहासिक, धार्मिकस्थल भएकाले आयोजना निर्माण गर्न नहुने स्थानीयको माग छ, यो समस्या समाधानका लागि समिति बनाएर विवाद मिलाउने काम भइरहेको छ

**राजाराम बस्नेत**
**प्रवक्ता**
**नेपाली सेना**

**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, २६ जेठ ।

नेपाली सेनाले निर्माणको जिम्मा लिएको राष्ट्रिय गौरवको आयोजना काठमाडौं-तराई/मधेश द्रुतमार्गको सुरू विन्दुमै ७ वर्षसम्म किचलो टुंगिएको छैन् ।

२७ साउन २०७४ मा ४ वर्षमा सम्पन्न गर्नेगरी भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयमार्फत् सेनालाई जिम्मा लगाइएको यो आयोजनाको सुरु विन्दुकै जग्गा अधिग्रहण विवाद यथावत रहेको हो ।

फास्ट ट्र्याकको ललितपुर तर्फको सुरु विन्दु कहाँ हुने भन्ने अन्योल कायमै छ। सेनाले यसको निर्माण व्यवस्थापनको जिम्मा लिएको पनि ७ वर्ष पुग्यो, तर खोकना खण्डको समस्या जहाँको त्यहीँ रहेको भन्दै स्थानीयले सरकार र सेनाको ध्यानाकर्षण गरिरहेका छन् ।

> फास्ट ट्र्याकको सुरु विन्दु कहाँ हुने अन्योल कायमै छ । सेनाले निर्माणको जिम्मा लिएको ७ वर्ष पुग्यो, तर खोकनाको समस्या जहाँको त्यहीँ रहेको भन्दै स्थानीयले सरकार र सेनाको ध्यानाकर्षण गराइरहेका छन् ।

खोकना/बुङ्मती अन्र्तगत ६.५ किलोमिटर खण्डमा अहिलेसम्म काम सुरु नभएपछि आयोजनाको सुरु विन्दु विवाद र समाधानका उपायबारे सोमबार प्रधानमन्त्री केपी शर्मा ओलीले स्थानीयसँग छलफल गरेका छन । बालुवाटारमा भएको छललफलमा स्थानीय सरोकारवालाले खोकनामा सुरु विन्दु कायम गर्दा परम्परागत सभ्यता र संस्कृति मासिने भएकाले उक्त स्थलभन्दा साढे ५ किलोमिटर तल डुकुछापमा सुरू विन्दु कायम गर्न विकल्प दिएका छन् ।

छलफलमा रक्षा मन्त्रालयका सचिव रामेश्वर दङ्गाल, प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका अधिकारी र नेपाली सेनाका प्रतिनिधि पनि सहभागी थिए। प्रधानमन्त्री ओलीले स्थानीय जनतालाई मर्का पर्ने गरी विकास गर्ने सरकारको ध्येय नभएकाले समस्या समाधानका लागि आफू स्थलगत अवलोकनमा जाने बताएका छन् ।

कुल ७०.९७७ किलोमिटर दूरीमध्ये ६४.४७७ किमीमा मात्र ठेक्का व्यवस्थापन भएर काम भइरहेको पृष्ठभूमिमा प्रधानमन्त्री ओलीले समस्या समाधानमा अग्रसरता देखाएपनि तत्काल यो समस्या समाधान हुन अवस्था अझै भएको छैन् ।

उक्त आयोजनका लागि कुल अधिग्रहण जग्गा करिब १७ हजार ६ सय ५१ रोपनी हो । जसमध्ये १२ हजार १ सय ६४ रोपनी सार्वजनिक पर्छ । त्यसबाहेक हालसम्म ५ हजार ४ सय ८७ रोपनी व्यक्तिगत जग्गा अधिग्रहणका लागि सूचना प्रकाशन भएकोमा ४ हजार ८ सय १८ रोपनी अधिग्रहण सम्पन्न भइसकेको र ३ सय ८८ रोपनी अधिग्रहण बाँकी रहेको अवस्था छ। अधिग्रहण गर्न बाँकी जग्गामध्ये खोकना-बुङ्मती खण्डको मूल्य निर्धारण भएको २ सय ३ रोपनी जग्गाको मुआब्जा वितरणसमेत बाँकी छ। यस्तै १ सय ६५ रोपनी मूल्य निर्धारण हुन बाँकी छ भने करिब ३ सय ६८ रोपनी तथा मकवानपुर जिल्लामा पर्ने १६ रोपनी र काठमाडौंमा जिल्लामा पर्ने ४ रोपनी जग्गा अधिग्रहण नै हुन बाँकी रहेका नेपाली सेनाको सूचना तथा जनसम्पर्क निर्देशनालयका प्रमुख एवं प्रवक्ता राजाराम बस्नेतले बताए ।

अधिग्रहण हुन बाँकीमध्ये २ सय ३ रोपनी खोकना-बुङ्मती खण्डको मुआब्जा वितरणमा स्थानीयसँग विवाद हुँदा काम अघि बढ्न नसकेको बस्नेतको भनाइ छ। 'त्यहाँ ऐतिहासिक, धार्मिकस्थल भएकाले आयोजना निर्माण गर्न नहुने स्थानीयले माग गरेका छन्,' केसीले भने 'त्यहाँको समस्या समाधानका लागि समिति बनेको छ। विवाद मिलाउने काम अघि बढिरहेको छ । तर, सरकारले यो समस्या चाँडो समाधान गर्नुपर्ने हुन्छ ।' लामो समयदेखिको जग्गा अधिग्रहण विवादकै कारण खोकनातर्फको काम अघि बढ्न नसकेको उनको भनाइ छ । पृष्ठ २ मा

**मधेशमा जनमत सरकारको एक वर्ष**

## बजेट 'ह्याक'देखि योजना बिक्रीसम्म



**शिव अधिकारी यदुवंशी/मध्यान्ह**
काठमाडौं, २६ जेठ ।

मधेश प्रदेशमा जनमत पार्टीले सरकारको नेतृत्व गरेको आइतबार एक वर्ष पूरा भएको छ। यो एक वर्षमा सरकारले गति लिन नसकेको र उपलब्धीभन्दा विवादको 'ग्राफ' बढ्दै गएकोमा मुख्यमन्त्री सतिशकुमार सिंहको आलोचना भइरहेको छ । सरकार बाहिर हुँदा ठूला कुरा गर्ने जनमत पार्टीले सरकारकै नेतृत्व पाउँदा पनि प्रभावकारी काम गर्न नसकेकोमा सत्ता र प्रतिपक्षबाट आलोचना भइरहेको छ ।

सत्ताबाहिर हुँदा १० लाख जनालाई रोजगारी दिने र किसानलाई समयमै मल उपलब्ध गराउने क्रान्तिकारी नारा दिने जनमतको सरकारले यो एक वर्षमा आफूले उठाएको मुद्दा बिर्सेको छ। सरकारमा नहुँदा चर्को नारा दिएर जनताको बाहबाही बटुलेको जनमत पार्टी सरकारमा आएपछि उसको कथनी र करनीमा फरक देखिएको गुनासो छ ।

एकपछि अर्को विवाद, आश्वासन र निर्णयले जनमत नेतृत्वको सरकार एक वर्ष विवादै विवादमा बितेको छ ।

गत वर्ष २५ जेठमा मुख्यमन्त्रीमा जनमत पृष्ठ २ मा

### पहिलो निर्णय नै विवादित

मुख्यमन्त्रीमा सपथ लिए लगतै सिंह नेतृत्वको सरकारको पहिलो मन्त्रिपरिषद् बैठकले संसदीय क्षेत्र विकासका लागि प्रत्यक्ष निर्वाचित सांसदलाई ५ करोड र समानुपातिक सांसदलाई डेढ करोड रुपैयाँ दिने गरेको निर्णय विवादमा परेका थियो । संसदीय कोषमार्फत् सांसदलाई बजेट दिन रोक लगाएपनि उनी सर्वोच्च अदालतको आदेश पृष्ठ २ मा

### जम्बो मन्त्रिपरिषद्

मुख्यमन्त्री सिंहले सरकार सञ्चालन भएको २ महिना नबित्दै ठूलो संख्यामा राज्यमन्त्री थपेपछि उनी विवादको घेरामा पुगे । त्यस बेला उनले एकैपटक ५ जना राज्यमन्त्री थपेका थिए ।

सुशासनको गफ दिएका जनमतको सो निर्णय आलोचनाको विषय बन्यो। मुख्यमन्त्री सिंहले ५ जना राज्यमन्त्री थप गरी २० सदस्यीय जम्बो मन्त्रिपरिषद् बनाएका थिए। प्रदेश सभामा रहेका आफ्ना पार्टीका करिब करिब सबै प्रदेशसभा पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

## आईरिस सर्टिफिकेट पाउने नेपालको पहिलो म्यानपावर कम्पनी आईएमआर

**मध्यान्ह संवाददाता**
काठमाडौं, २६ जेठ ।

इन्टरनेशनल म्यानपावर रिक्रुटमेन्ट प्रा.लि. (आईएमआर) अन्तरर्ाष्ट्रिय आप्रवासन संगठन (आईओएम) बाट इन्टरनेशनल रिक्रुटमेन्ट सिष्टम (आईरिस)अन्तर्गत प्रमाणीकरण भएको छ । आईरिसअन्तर्गत मान्यता पाइ प्रमाणीकरण भएको उक्त कम्पनी नेपालमा पहिलो वैदेशिक रोजगार कम्पनी भएको उक्त प्रा.लि.ले बताएको छ ।

सोमबार राजधानीमा आयोजित पत्रकार सम्मेलनमा कम्पनीका संचालक प्रबन्ध निर्देशक वाइबी राईले विगत ९ वर्षदेखि कडा अनुशासनमा रहेर पूर्णरूपमा अवलम्बन गरिएको न्यायोचित र नैतिक भर्ना प्रक्रियाको मूल्यांकन गरेर आईओएमबाट आफ्नो कम्पनी आईरिसअन्तर्गत प्रमाणित



भएको जानकारी दिए ।

सन् २००४ देखि खाडी तथा मलेसियासहित विश्वका विभिन्न देशमा कामदार पठाउँदै आएको उक्त कम्पनीले सन् २०१६ देखि न्यायोचित र नैतिक भर्ना प्रक्रियाको प्रारम्भ गरी सन् २०१८ देखि श्रम आप्रवासनका क्रममा हुने खर्च रोजगारदाता कम्पनीले व्यहोर्ने सिद्धान्तमा आधारित स्वच्छ श्रमिक भर्ना प्रक्रिया अपनाउँदै आएको छ ।


सन् २०२१ देखि आईओएमबाट सञ्चालित न्यायोचित र नैतिक भर्ना प्रक्रियासम्बन्धी तालिम तथा क्षमता अभिवृद्धि कार्यक्रमहरूमा सहभागी हुँदै आएको उक्त कम्पनीले क्षमता अभिवृद्धिसम्बन्धी चरण पूरा गरेर पूर्व लेखापरीक्षण समेत सम्पन्न गरेपछि आईओएमले सन् २०२३ अगष्ट महिनामा उक्त कम्पनीआई आईरिस प्रमाणीकरणका लागि सिफारिस गरेको प्रबन्ध निर्देशक राईले बताए ।

सिफारिसपछि आईओएमले गहन र विस्तृत लेखापरीक्षण गरेर सन् २०२५ को मे २८ मा औचारिकरूपमा आईरिस प्रमाणपत्र प्रदान गरेको थियो । प्रबन्ध निर्देशक राईले अन्तर्राष्ट्रिय मापदण्डहरू पूरा गर्न आफ्नो कम्पनीले निरन्तररूपमा अन्तर्राष्ट्रिय असल अभ्यासहरू सिक्नुका साथै आफ्ना व्यावसायिक प्रक्रियाहरू सुधार गरेकाले यो सफलता प्राप्त गरेको बताए ।

कम्पनीले हालसम्म १८ हजारभन्दा बढी नेपाली कामदारलाई मलेसिया, कतार, यूएई र साउदी अरेबियामा स्वच्छ एवं नैतिक भर्ना प्रक्रियाका माध्यमबाट निःशुल्क वैदेशिक रोजगारीमा पठाएको बताएको छ ।

सन् १०१६ सम्म कामदारले लागत व्यहोर्नुपर्ने वा रोजगारदाताले व्यहोर्नुपर्ने 'हाइब्रिड' पृष्ठ २ मा

## ओजविहीन प्रचण्ड



आफैंले राखेको अडानमा अडिन नसक्नु र आफैंले दिएको सूचना कार्यान्वयनमा नदेखिनुले प्रचण्डको विद्रोही चरित्र र अभिव्यक्तिको ओजलाई खण्डित गर्दै लगेको छ ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २६ जेठ ।

२४ जेठमा नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले २६ जेठसम्ममा संसद्को अवरोध खुल्ने ठोकुवा गरेका थिए। तर, उनले तोकेको समयसीमाभित्र संसद् खुलेन । बरु थप लम्बियो । त्यसदिन पत्रकारहरूसँगको भेटमा प्रचण्डले भिजिट भिसा प्रकरणमा आफूहरू गृहमन्त्रीको राजीनामाको मागबाट पछाडि हटेको र सत्तापक्ष छानबिन समिति वा आयोग बनाउन तयार रहेको बताएका थिए । तर २६ जेठमा सत्तापक्षले छानबिन समिति नभएर संयन्त्र बनाउने प्रतिबद्धता जनाउने प्रस्ताव ल्यायो । प्रचण्ड कांग्रेस र एमालेको प्रस्तावअनुसार अगाडि बढ्न तयार भए भने राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) तयार भएन र प्रचण्डको लचकअनुसार सहमति जुट्न सकेन ।

नेताहरूका अनुसार भिजिट भिसा प्रकरणमा संसदीय छानबिन समिति बनाउने भन्दा कसले बनाउने प्रष्ट हुन्छ, यो संसद्ले बनाउँछ । जाँचबुझ आयोग ऐनअनुसार उच्चस्तरीय आयोग बनाउने भन्दा सरकारले पूर्वन्यायाधीशको नेतृत्वमा आयोग गठन गर्ने प्रष्ट खुल्छ। तर, अख्तियार दुरुपयाग अनुसन्धान आयोगले जारी राखेको अनुसन्धान सकाएपछि आवश्यक संयन्त्र बनाउने भन्दा कसले बनाउने ?, कसको नेतृत्वमा पृष्ठ २ मा

मध्यान्ह
www.madhyanhadaily.com
२७ जेठ २०८२ मंगलबार
10 June 2025, Tuesday

# श्रमको मर्यादायुक्त एजेण्डाप्रति नेपाल पूर्णरूपमा प्रतिबद्ध छ : मन्त्री भण्डारी

**काठमाडौं/मस**–श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारीले नेपाल श्रमको मर्यादायुक्त एजेण्डाप्रति पूर्णरूपमा प्रतिबद्ध रहेको बताएका छन् । अन्तर्राष्ट्रिय श्रम संगठनद्वारा स्वीट्जरल्याण्डको जेनेभामा आयोजित अन्तर्राष्ट्रिय श्रम सम्मेलन २०२५ को प्लेनरी सेसनलाई सम्बोधन गर्दै मन्त्री भण्डारीले नेपालले समावेशी आर्थिक वृद्धि, गरिबी न्यूनीकरण र सामाजिक सुरक्षामा पहुँच विस्तारमा पछिल्लो केही वर्षदेखि उल्लेखनीय प्रगति गरेको बताए ।




यी उपलब्धिहरू विविध चुनौतीपूर्ण परिवेशहरू–प्राकृतिक प्रकोप, महामारीको दीर्घकालीन प्रभाव, संरचनागत श्रम बजारको समस्या र जलवायु परिवर्तनजन्य जोखिमहरूबीच हासिल गरिएको उनले बताए ।

‘विकास केवल वृद्धि मात्र होइन, न्याय र समानताको साथमा हुनुपर्छ,’ मन्त्री भण्डारीले भने, ‘त्यसैले हाम्रो दृष्टिकोण‘अधिकारसहितको रोजगारी, समावेशी विकास र गरिमायुक्त समृद्धि’मा आधारित छ ।’

मन्त्री भण्डारीले रोजगार सृजनालाई विकासको मूल आधारका रूपमा स्थापना गरिएको र नेपाल सरकारले यस दशकलाई ‘आन्तरिक रोजगारी प्रवर्द्धन दशक’ घोषणा गर्दै सार्वजनिक (निजी साझेदारी तथा विकास सहकार्यमार्फत रोजगार(प्रधान क्षेत्रमा लगानी वृद्धि गरिरहेको उल्लेख गरे ।

उनले यसलाई सहयोग पुऱ्याउन सरकारले राष्ट्रिय व्यावसायिक तालिम प्रतिष्ठानलाई पुनःसंरचना गर्दै भविष्य उन्मुख सीप विकासको केन्द्र बनाएको पनि बताए । उनले भने, ‘डिजिटल, हरित र उद्यमशीलता आधारित सीपहरूमा विशेष ध्यान दिइएको छ । सुरक्षित, मर्यादित, र नैतिक श्रम सर्तसहित निजी क्षेत्र, नागरिक समाज, र विकास साझेदारहरूको सहकार्यमा हामीले श्रमशक्तिलाई स्वदेश तथा वैदेशिक रोजगारीका लागि तयार गरिरहेका छौं ।’

मन्त्री भण्डारीले नेपालले औपचारिक रोजगारी र योगदानमा आधारित सामाजिक सुरक्षा प्रणालीमा आधारित समग्र सुधार एजेण्डा अघि बढाइरहेको बताउँदै श्रम निरीक्षण, रोजगारी मिलान, सीप प्रोफाइलिङ, उद्यम दर्ता, र श्रम विवाद समाधानका लागि एकीकृत प्रणाली स्थापना गरेको जनाए । ‘सामाजिक सुरक्षा कोषसँग अन्तरसम्बन्धित बनाइएको छ । हाम्रो औपचारिकता सम्बन्धी राष्ट्रिय कार्य योजनाले आइएसओको समीक्षा प्रक्रियामा सकारात्मक अन्तर्राष्ट्रिय मान्यता पाएको छ, जुन अधिकारमा आधारित रोजगारीतर्फको महत्वपूर्ण संक्रमण हो’, उनले भने ।

‘श्रम आप्रवासन नेपालको विकास र अन्तर्राष्ट्रिय सहभागिताको एक महत्त्वपूर्ण पक्ष हो । तर अब हामी आवश्यकताबाट प्रेरित श्रम आप्रवासनभन्दा अघि बढेर, सचेत, सशक्त, र सम्मानजनक विकल्पको मोडेलतर्फ अगाडि बढ्न चाहन्छौं,’ मन्त्री भण्डारीलले बताए ।

नेपालले लोकतान्त्रिक श्रम प्रशासन सुदृढ गर्न त्रिपक्षीय संवादको अपरिहार्यता स्वीकार गरेको उल्लेख गर्दै नेपालको संघीय संरचनाको अनुरूप सरकार, श्रमिक, र रोजगारदाता सबैको प्रतिनिधित्व रहने श्रम प्रशासन प्रणालीलाई प्रदेश र स्थानीय तहसम्म विस्तार गर्ने कार्य भइरहेको जनाए ।

मन्त्री भण्डारीले अन्तर्राष्ट्रिय स्तरमा, नेपाल द्विपक्षीय, क्षेत्रीय, र बहुपक्षीय सहकार्यलाई निरन्तर सुदृढ गर्न प्रतिबद्धता जनाए । उनले भने, ‘हामी न्यायोचित आपूर्ति श्रृंखला, सीप मान्यता, नैतिक भर्ती र श्रम गतिशीलता प्रशासनका विषयमा सक्रिय रूपमा संलग्न छौं । अन्तर्राष्ट्रिय सहकार्यलाई हामी विकल्प नभई, साझा समृद्धि, समानता, र शान्तितर्फको हाम्रो उत्तरदायित्वका रूपमा हेर्छौं ।’

मन्त्री भण्डारीले भविष्यमा अग्रसर हुँदा कामको गरिमा, श्रमिकको आवाज र न्यायसंगत तथा समानतापूर्ण मूल्यमा आधारित नीति तथा साझेदारीलाई केन्द्रमा राख्ने नयाँ विश्व ऐक्यभावको भावना आवश्यक रहेकोमा जोड दिए । उनले नेपाल श्रमको मर्यादायुक्त एजेण्डाप्रति पूर्णरूपमा प्रतिबद्ध रहेको जनाउँदै आइएसओको प्राविधिक सहयोग तथा मानक विकासमा नेतृत्वको उच्च सम्मान गरेको बताए ।

## भारतीय...

संकलन गरिएको सम्पूर्ण १९ लाख रुपैयाँ बिचौलिया अन्सारी मार्फत डा. अधिकारीसम्म पुगेको अख्तियारको अनुसन्धानले देखाएको छ ।

अख्तियारका प्रवक्ता पौडेलले २३ माघ २०८१ मा अधिकारीको निवासमा छापा मारी घुस लेनदेन पुष्टि गर्ने सबुत–प्रमाणहरू फेला पारेको बताए । उनका अनुसार बरामद गरिएका कागजातमा घुसबापत लिइएको चेकको विवरण र रकमान्तर गरिएको रकमसम्बन्धी प्रमाण समेत समावेश छन् ।

अख्तियारको छानबिनपछि नेपाल राष्ट्र बैंकले पनि अधिकारीमाथि कारबाही गरेको थियो । अख्तियारले नियन्त्रणमा लिएर अनुसन्धान सुरु गरेपछि राष्ट्र बैंकले अधिकारीलाई अध्यक्षबाट हटाउन नेपाल बैंक लिमिटेडको सञ्चालक समितिलाई निर्देशन दिएको थियो । त्यसपछि उनी बैंकको अध्यक्ष पदबाट निष्काशित भएका थिए । आयोगले घुस लिने–दिने कार्यमा संलग्न पाँचै जनाविरुद्ध भ्रष्टाचार निवारण ऐनअनुसार कारबाहीको माग गरेको छ । यस्तै काठमाडौं महानगरपालिकाका तत्कालीन इन्जिनियर रामबाबु महतो कोइरीविरुद्ध पनि आयोगले भ्रष्टाचार मुद्दा दायर गरेको छ ।

धनुषा स्थायी घर भई हाल चण्डोलमा बसोबास गर्दै आएका कोइरीले २०४६ सालदेखि २०७८ सालसम्मको सेवाकालमा ७ करोड ९६ लाख रुपैयाँभन्दा बढी सम्पत्ति आर्जन गरेको आयोगले जनाएको छ । जसमध्ये ४ करोड ५८ लाख रुपैयाँभन्दा बढी स्रोत नखुलेको आयोगको दाबी छ । आयोगले सो रकम जफत गरी कैद र जरिवाना गरिनुपर्ने माग विशेष अदालतमा गरेको छ । आयोगले पछिल्लो समय ठूला बैंकिङ् तथा सरकारी सेवा क्षेत्रमा देखिएको अनियमितता र भ्रष्टाचारमाथि कठोर कारबाही सुरु गरेको देखिएको छ । उनीसँगै अख्तियारले भुसाल हस्पिटालिटीका सञ्चालक बालकृष्ण भुसाल, अंकित भुसाल र अमृत भुसालविरुद्ध पनि घुस दिएको आरोपमा मुद्दा दायर गरेको छ ।

अख्तियारले अधिकारीमाथि थप २ वटा आरोप लगाएर पनि मुद्दा दायर गरेको छ । उनीमाथि हिमाल–तराई कन्स्ट्रक्सन प्रालिलाई ऋण दिँदा ५ लाख रुपैयाँ घुस लिएको अर्को आरोप छ । त्यसैगरी हिमाल–तराई कन्स्ट्रक्सनलाई ऋण दिँदा ५० लाख रुपैयाँ घुस खाएको तेस्रो आरोप पनि छ ।

## सात...

सरूको ठेक्का अवधिमा काम नसकिएपछि २०७७ सालमा २०८० सम्मका लागि म्याद थप गरिएको थियो । तर पहिलो पटक म्याद थपिएको अवधिमा पनि निर्माण हुन नसकेपछि पुनः दोस्रो पटक २०८३ चैत मसान्तसम्म निर्माण सम्पन्न गर्ने गरी म्याद थपिएको यो योजनाको करिब ४० प्रतिशत मात्रै काम सकिएको नेपाली सेनाले जनाएको छ ।

७० दशमलव ९७ किलोमिटर लम्बाईमा रहेको उक्त सडकको कुल लागत २ खर्ब ११ अर्ब ९३ करोड रुपैयाँ रहेको छ । यो योजनाको आर्थिक प्रगति ७२ अर्ब ५० करोड रुपैयाँ भएको छ ।

सेनाका अनुसार आयोजनाको सम्प्टिगत कार्ययोजना अन्तर्गत १३ वटा प्याकेजमा काम भइरहेको छ । जसमध्य प्याकेज नं. १, २, ३, ४, ५, ६, ७, ८‘क’, ८ ‘ख’, ९‘क’, ९‘ख’ र १० निर्माणको चरणमा छन् । यीबाहेक प्याकेज नं. ११ अन्तर्गत पर्ने खोकना–बुङ्गमती खण्डमा जग्गा अधिग्रहणसम्बन्धी समस्या समाधान हुन नसक्दा टेन्डर प्रक्रिया नै रोकिएको सेनाले जनाएको छ । फास्ट ट्र्याक अन्तर्गत जम्मा ७ वटा सुरुङमार्ग छन् । जसको कुल लम्बाइ १०.९७९ किलोमिटर छ । ती मध्य धेद्रे सुरुङ, लेनडाँडा सुरुङका टनेलको ब्रेक थ्रु भइसकेको नेपाली सेनाले जनाएको छ । त्यस्तै ८९ ठाउँमा रहेका ८५ वटाको निर्माण सम्झौता भइसकेको छ । मकवानपुरको राजदमार इलाकामा ५ वटा पुलहरूको निर्माण सम्पन्न भएका छन् । बाँकी पुलको फाउन्डेसन, सबस्ट्रक्चर तथा सुपर स्ट्रकचर निर्माण सम्पन्न भएको नेपाली सेनाको तथ्यांक छ ।

यसअघि प्रधानमन्त्री ओलीले २३ माघमा अर्थमन्त्री विष्णुप्रसाद पौडेल, भौतिक पूर्वाधार तथा यातायातमन्त्री देवेन्द्र दाहाल, रक्षामन्त्री मानवीर राई, प्रधानसेनापति अशोकराज सिग्देलसँग द्रुतमार्ग आयोजनामा भएको प्रगति र समस्याबारे छलफल गरेका थिए । सानो खोकनाबाट निस्कने बागमती नदी करिडोरबाट छैमले–गौसेल–माल्टा–बुडुने–छतिवन हुँदै निजगढ पुग्ने यो सडक पूर्वपश्चिम राजमार्गमा जोडिनेछ । यसले काठमाडौंदेखि निजगढसम्मको दूरी १९३ किलोमिटरले घटाउँछ र यात्राको समय चार घण्टाभन्दा बढी बचत गर्ने अपेक्षा गरिएको छ ।

## बजेट...

पार्टीका संसदीय दलका नेता सिंहले पदभार ग्रहण गरेका थिए । संघमा बनेको राजनीतिक समीकरण र जनता समाजवादी पार्टी नेपालका मुख्यमन्त्री सरोज कुमार यादवले विश्वासको मत लिन नसक्दा मधेश प्रदेशले नयाँ नेतृत्व पाएको थियो । सिंह नेकपा (एमाले), नेकपा (माओवादी केन्द्र), नेकपा (एकीकृत समाजवादी), नागरिक उन्मुक्ति पार्टी र संघीय समाजवादी पार्टीका सांसदका ५५ जनाको समर्थनमा मुख्यमन्त्रीमा नियुक्त भएका थिए ।

सरकार गठन भएको एकवर्ष जनमतको लागि भने सजिलो रहेको छैन । मुख्यमन्त्रीमा सिंह नियुक्त भएसँगै विवादको भूमरीमा पर्दै आएका छन् ।

जसपा नेपालको ७ वर्षे किल्ला भत्काउँदै जनमतले नेतृत्व पाएको थियो । लामो समयदेखि सरकारको नेतृत्व गरेका जसपा नेपालले केही गर्न नसकेको आलोचना भइरहेकै बेला जनमतले एक वर्षमा त्यो भन्दा फरक नदेखिएको जनमानसले आँकलन गर्न थालेका छन् ।

## पहिलो...

विपरीत उक्त घोषणा गरेका थिए । त्यसका आलावा उनी समानुपातिक सांसदलाई प्रत्यक्षको तुलनमा कम बजेट दिएर सांसदबीच विभेद गरेको भनेर आरोप लाग्यो । मुख्यमन्त्री सिंहको उक्त निर्णयको समानुपातिक सांसदहरूले आलोचना गरेका थिए ।

### बजेट ह्याक

मुख्यमन्त्री सिंह सरकारलको बजेट निर्माण गर्ने ‘पीक आवर’मै मुख्यमन्त्री बनेको थिए । तर सरकारले जनताले गरेको आशाअनुरुप बजेट ल्याउन सकेनन् । मुख्यमन्त्री स्वयंमले बजेटमा त्रुटि स्वीकार गर्दै बजेट प्रणाली ‘पिएलएमबीएसआई ह्याक’ गरेर बजेट इन्ट्री भएको भन्दै प्रदेशसभा प्रष्टीकरण दिएका थिए । र सरकारलै बिना तथ्य आधार प्रणाली नै ह्याक भएको भनेपछि प्रदेशसभा नै बन्धक बनेको थियो ।

त्यस विषयमा मुख्यमन्त्री सिंहले छानबिन गर्ने आश्वासन दिएपनि एक वर्ष बितिसक्दा छानबिन समिति बनेको छैन ।

## जम्बो...

सदस्यलाई व्यवस्थापन गर्न खोजेको भन्दै उनको व्यङ्ग्य समेत भएको थियो । जम्बो मन्त्रिपरिषद्को चौतर्फी आलोचना भएपछि उनले निर्णय फिर्ता लिएर संख्या घटाएका थिए ।

जनमत पार्टीका अध्यक्ष डा. सिके राउतबाट शिलान्यास नगराएको भन्दै मुख्यमन्त्री सिंहकै गृहजिल्ला सप्तरीमा रहेको कृषि विश्वविद्यालय विवादमा पऱ्यो । राजनीति प्रतिष्ठाको लडाइँमा मुख्यमन्त्री सिहंले स्वयम् प्रदेश सरकारको आफ्नै शैक्षिक स्थललाई रणभूमीमा परिणत गराएका थिए । उनले विश्वविद्यालयको बजेट पनि रोक्का गरिदिएका थिए ।

### पार्टीको स्पष्टीकरण

एकपछि अर्को विवादको भूमरीमा फस्दै गएपछि मुख्यमन्त्री सिंहलाई पार्टीले स्पष्टीकरण सोध्यो । पार्टी केन्द्रीय कमिटिले मुख्यमन्त्री पार्टीको लाइनबाट फरक गइरहेको ठहर गर्दै उनलाई स्पष्टीकरण सोधियो । पार्टीको निर्देशन नमानेर आफू अनूकुल काम गरेको पाइएपछि पार्टीले स्पष्टीकरण सोधेको थियो ।

### भाषा विवाद

नेपालको संविधानमा उल्लेख नै नभएको ‘मधेश भाषा’ नाम दिई भाषा विज्ञानलाई समेत मात दिनेगरी प्रस्तुत भाषा विभेयक पनि विवादमा पऱ्यो ।

सरकारले प्रस्ताव गरेको भाषा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०८१ मा प्रदेशको ठूलो जनसंख्या रहेको थारु, मगही र बाज्जिका लगायतका स्थानीय भाषा समावेश न गरेपछि व्यापक विरोध हुँदा ३ दिनमै फिर्ता भयो ।

### सत्ता समर्थककै आरोप

सरकार एकलौटी र मनपरी निर्णय गर्न थालेपछि सत्ता गठबन्धनका घटक दल नेपाली कांग्रेस ‘एग्रेसिभ’ भयो । कांग्रेसले मुख्यमन्त्रीसँगै अन्य मन्त्रीहरूपनि अनैतिक काममा लागेको भन्दै आलोचना गरेको थियो । सरकारका मन्त्रालय अन्तर्गतका योजनाहरू दलालमार्फत् बिक्री भइरहेको ठहर गर्दै कांग्रेसले छानबिन गर्न माग गऱ्यो ।

सरकारका सम्पूर्ण संयन्त्रले नै कमिसनमा योजना बिचौलियालाई बेचबिखन गरेको प्रमाण छताछुल्ल भयो । वनमन्त्री रहेका त्रिभुवन साहले कमिसन लिएर नै योजना बिक्रीमा संग्लन रहेको अडियो भिडियो बाहिरिएपछि सरकार नैतिक संकटमा परेका थियो । त्यस्तै नेकपा एमालेका संसदीय दलका नेता एवं भौतिक, पूर्वाधार तथा विकास मन्त्रालयमन्त्री सरोज कुमार यादवले प्रदेश सभा सदस्यको योजनाको चिठ्ठी ठेकेदारलाई बेचेका भन्दै महोत्तरीमा लखेटिएका थिए ।

सोही विषयमा विपक्षी दलहरूले सरकारमाथि निरन्तर प्रहार गरिरह्यो ।

विपक्षीका दबाबबीच आर्थिक वर्ष २०८१/०८२ मा विकास योजना तथा कार्यक्रममा भएका अनियमितताका विषयमा छानबिन गर्न समिति गठन भयो । समितिको प्रतिवेदन अहिले आएको छैन ।

## आईरिस...

प्रणाली र त्यसपछि पूर्णरूपमा न्यायोचित र नैतिक भर्ना प्रक्रिया अवलम्बन गरेको अनुभव सुनाउँदै प्रबन्ध निर्देशक राईले न्यायोचित र नैतिक भर्ना प्रक्रियाको माध्यमबाट कामदार पठाउँदा व्यवसाय झन्झटमुक्त, आर्थिकरूपमा पारदर्शी र सामाजिकरूपमा आत्मसन्तुष्टि प्राप्त भएको अनुभव सुनाए ।

व्यवसायी राईले नेपालको सन्दर्भमा न्यायोचित र नैतिक भर्ना प्रक्रियाबाट वैदेशिक रोजगारीमा कामदार पठाउनु व्यावसायिकरूपमा चुनौतीपूर्ण र कठिनाइले भरिएको भएपनि आईएमआरले आफूलाई सुधार गर्दै नैतिक भर्ना प्रक्रियालाई जुनसुकै प्रतिकूल अवस्थामा पनि निरन्तरता दिने प्रतिबद्धता जनाएको बताए । उनले भने, ‘इन्टरनेशनल म्यानपावर रिक्रुटमेन्ट प्रा.लि.ले नैतिक भर्ना प्रक्रियालाई निरन्तरता दिनेछ, म सबै म्यानपावर कम्पनीलाई नैतिक भर्ना प्रक्रिया अपनाउन आग्रह गर्दछु । किनभने आगामी दिनमा अन्तर्राष्ट्रिय श्रम बजारमा न्यायोचित र नैतिक भर्ना प्रक्रियाको आवश्यकता र महत्व बढेर जानेछ ।’ उनले सरकारले पनि नैतिक भर्ना प्रक्रियाबाट कामदार पठाउने विषयमा कडाइका साथ अनुगमन गरेर कमीकमजोरी हटाएर यसको विश्वसनीयता बढाउन जरुरी रहेको बताए ।

उनले वैदेशिक रोजगारमा कामदार भर्ना तथा छनोटको प्रक्रियामा कम्पनीले नेपाली र अन्तर्राष्ट्रिय कानुनी व्यवस्थाहरूको पूर्णरूपमा पालन गर्ने, नेपाल र अन्तर्राष्ट्रिय कानुनी आवश्यकताहरूको पालना गराउने, कामदारको अधिकारको सम्मानमा समान र निष्पक्ष प्रतिस्पर्धा, स्वस्थ र सुरक्षित काम गर्ने वातावरणको सुनिश्चितता, करारको पालना तथा राहदानी आफैंले राख्न पाउने व्यवस्थाको ग्यारेन्टी, स्वदेश आवागमनको स्वतन्त्रता र स्वतन्त्र रूपमा रोजगारी छनोटको सम्मान जस्ता विषयमा पनि उचित ध्यान पुऱ्याउने पनि कम्पनीको नीति रहेको बताए ।

पूर्णरूपमा न्यायोचित र नैतिक भर्ना प्रक्रिया अवलम्बन गरेका कारण ओटीएल, जीएलएए, सेडेक्स, एसभीएपीलगायत विभिन्न अन्तर्राष्ट्रिय सम्मान र प्रमाणपत्र पाएको बताउँदै व्यवसायी राईले ती प्रमाणपत्र र मान्यताहरूले कम्पनीले अवलम्बन गरेको न्यायोचित र नैतिक भर्ना प्रक्रियाप्रतिको प्रतिबद्धताको प्रमाण भन्दै त्यसले कम्पनी परिवारलाई निरन्तररूपमा स्तर अभिवृद्धि गर्न प्रेरणा दिइरहेको टिप्पणी गरे ।

कम्पनीका निर्देशक प्रणय राईले कम्पनीले न्यायोचित र नैतिक भर्ना प्रक्रियालाई निरन्तरता दिनुका साथै कम्पनीको सामाजिक उत्तरदायित्व अन्तर्गत विभिन्न सामाजिक तथा मानवीय कार्य गरेको बताए । तराईको अति विपन्न समुदायमा पर्ने डोम समुदाय तथा अघिल्लो वर्ष जाजरकोटमा आएको विनाशकारी भूकम्पबाट घरबास गुमाएका विपन्न परिवारका करिब २ सय युवाहरूलाई निःशुल्क वैदेशिक रोजगार उपलब्ध गराएको उनले बताए । उनले न्यायोचित र नैतिक भर्ना प्रक्रियाबाट वैदेशिक रोजगारमा गएका कामदारले प्राप्त गरेको सफलताले कम्पनीलाई थप हौसला मिलेको उल्लेख गरे ।

## ओजविहीन...

बनाउने ? भन्ने प्रष्ट हुँदैन । अझ अख्तियारले जारी अनुसन्धान कहिले सकाउँछ भन्ने पनि यकिन छैन ।

भिजिट भिसामा विदेश जानेसँग अपारदर्शीरूपमा आर्थिक लेनदेन हुने गरेको भनेर अख्तियारले नै उजागर गरेको हो । यो विषय प्रतिनिधिसभामा जेठ १३ गतेयता निरन्तर उठिरहेको छ । सुरुमा यो प्रकरणमा गृहमन्त्री रमेश लेखकको राजीनामा नै मागेका विपक्षी दलहरू पछाडि हटेका छन् । छानबिन समिति बनाउनुपर्ने अडानबाट समेत पछाडि हटेर माओवादी ‘फेस सेभिङ’का लागि मात्रै प्रयासरत छ ।

गृहमन्त्रीको राजीनामाको माग छाडेर छानबिन समिति, छानबिन समितिको मागबाट पनि पछाडि हटेर कहिले बनाउने ?, कसले बनाउने ? यकिन नै नहुने गरी संयन्त्र बनाउने सरकारी प्रतिबद्धतामै सदनको अवरोध खुलाउने गरी प्रचण्ड किन लचक भए ? नेताहरूका अनुसार यसको पछाडि जे जस्ता कारण रहेता पनि प्रचण्ड आफ्नो अडानमा अडिन नसक्ने अवस्थामा पुगेको यो प्रकरणले देखाउँछ ।

संसद्को अवरोध खुलाउने नाममा फेस सभिङका लागि प्रचण्ड हदै तयार भएका छन् । उनी संसद् भवन नयाँ बानेश्वरमा कांग्रेसका उपसभापति पूर्णबहादुर खड्का, महामन्त्री गगनकुमार थापा, गृहमन्त्री रमेश लेखक, नेता ज्ञानेन्द्रबहादुर कार्की लगायतसँग संवादमा छन् । प्रचण्ड कांग्रेस सभापति शेरबहादुर देउवासँग पनि निरन्तर संवादमा छन् ।

नेताहरूकाअनुसार पछिल्लो प्रकरणमा विद्रोही नेता प्रचण्ड लचक हुनुको पछाडि पूर्वप्रधानमन्त्री माधवकुमार नेपालविरुद्ध भ्रष्टाचारको मुद्दा दायर भएपछिको राजनीतिक त्रास पनि हो । जेठ २२ गते अख्तियार दुरुपयोग अनुसन्धान आयोगले पतञ्जली जग्गा प्रकरणमा पूर्वप्रधानमन्त्री नेपालविरुद्ध मुद्दा दायर गरेको थियो । त्यसपछि विकसित राजनीतिक परिस्थितिमा प्रचण्ड संसद्को अवरोध खुलाउने सर्तमा सबै अडान छाड्न तयार भएका छन् । कतिपयले प्रचण्डको लचकता नयाँ सत्तागठबन्धन निर्माण गर्न सकिन्छ कि भन्ने ध्याउन्नसँग जोडेर हेरेका छन् । कांग्रेस र रास्वपालाई एक अर्कासँग संवाद गर्न प्रचण्डले निरन्तर आग्रह गर्नुले पनि नयाँ समीकरणको चाहना हुन सक्ने आशंकालाई जन्माउँछ ।

अर्कोतर्फ नयाँ समीकरण बनाउने प्रचण्डको प्रयास पहिलो पटक होइन । आफू नेतृत्वको सरकार ढलेलगत्तै कांग्रेस–एमाले सत्ता गठबन्धन लामो समय नटिक्ने दाबी गरेका प्रचण्डले पटक–पटक सरकार फेरिने सार्वजनिक अभिव्यक्ति दिइरहेका छन् । नयाँ वर्षमा नयाँ सरकार बन्ने प्रचण्डको अभिव्यक्तिले राजनीतिमा तरंग नै आएको थियो । ३१ चैत २०८० मा चितवनमा पत्रकारहरूसँग कुरा गर्दै प्रचण्डले ‘नयाँ वर्षमा नयाँ सरकार बन्ने’ बताएका थिए । तत्कालका लागि राजनीतिमा तरंग आए जस्तो भएता पनि प्रचण्डको अभिव्यक्ति केही समयमै खण्डित भयो । जसले प्रचण्डको अभिव्यक्तिसमेत अर्थपूर्ण हुन्न भन्ने बुझाइलाई मलजल गऱ्यो । यसरी आफैंले राखेको अडानमा अडिन नसक्नु र आफैंले दिएको सूचना कार्यान्वयनमा नदेखिनुले प्रचण्डको विद्रोही चरित्र र अभिव्यक्तिको ओजलाई खण्डित गर्दै लगेको छ ।



### अधिकतम खुद्रा बिक्री मुल्य (MRP) प्रकाशन गरिएको सुचना

**यस फर्म/कम्पनीले (जापान र थाईलैण्ड) बाट पैठारी गरेको देहायको मालवस्तुहरुको अधिकतम खुद्रा बिक्री मुल्य MRP निम्न बमोजिम भएको व्यहोरा सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ ।**

| S.NO. | BRAND | MODEL | CAPICITY | P. M.COUNTRY | QTY | RATE PER PICES | MRP |
|---|---|---|---|---|---|---|---|
| 1 | Canon | PS G-7X II | 20.1MP | JAPAN | PCS | NPR | 119,990 |
| 2 | Canon | EOS-R50V Kit 14-30 PZ | 24.0MP | JAPAN | PCS | NPR | 134,990 |
| 3 | Canon | EOS-250D KIT 18-55 | 24.1MP | JAPAN | PCS | NPR | 104,990 |
| 4 | Canon | PS V1 | 22.3MP | JAPAN | PCS | NPR | 132,990 |
| 5 | Canon | EOS-R10 Kit 18-45 | 24.2MP | JAPAN | PCS | NPR | 139,990 |
| 6 | Canon | G-7X III | 20.1MP | JAPAN | PCS | NPR | 164,990 |
| 7 | Canon | SX-740HS | 20.3MP | JAPAN | PCS | NPR | 85,990 |
| 8 | Canon | EOS-R8 BODY | 24.2MP | JAPAN | PCS | NPR | 182,990 |
| 9 | Canon | EOS-R7 Kit 18-150 | 32.5MP | JAPAN | PCS | NPR | 269,990 |
| 10 | Canon | EOS-R6II KIT 24-105 STM | 24.2 MP | JAPAN | PCS | NPR | 349,990 |
| 11 | Nikon | Z6III Body | 24.5MP | THAILAND | PCS | NPR | 331,990 |
| 12 | Nikon | D7500 18-140 | 20.9MP | THAILAND | PCS | NPR | 149,990 |
| 13 | Nikon | Z-5 II Body | 24.1MP | THAILAND | PCS | NPR | 259,990 |
| 14 | Nikon | Z-50 II KIT 16-50 | 20.9MP | THAILAND | PCS | NPR | 159,990 |

SELLER : PRIMAX INTERNATIONAL INC — PAN NO. 300047253
ADDRESS: NEW ROAD, KATHMANDU — PH: 014248407





# Bateshwor Rural Municipality
# Office of the Rural Municipal Executive

**Bateshwor, Dhanusha**
**Madhesh pradesh, Nepal**

## Invitation for Sealed Quatation only electronic bids

**First Date of publication: 2025 June-10 (2082-02-27)**

1. Bateshwor Rural Municipality invites only electronic bids from nepalese eligible bidders for following projects under bids procedures visit://bolpatra.gov.np/egpbateshwormun@gmail.com, 9854060412, 9854050902
2. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of Bateshwor Rural Municipality Office of Rural Municipal Executive Bateshwor, Dhanush or may visit PPMO website www.gov.np/egp

| S. N | Contract ID No:- | Descriptions of works | Bid validity period | Estimated Amount with VAT | Bid bond Amount | Non refundable fee | Remarks |
|---|---|---|---|---|---|---|---|
| 1. | 02/BRM/Goods/SQ/2081/2082 | Ward No. 2 MAA khaanepani pipe kharid tatha jadan | 45 days | Rs. 19,41,744.62 | Rs.48,700 | Rs.1,000 | |

**Chief Administrative Officer**

# राज्यले चिन्ने एनआरएनए नागरिकता दिन माग



**काठमाडौं/मस-** गैरआवासीय नेपालीहरूले राज्यका निकायले चिन्ने नेपाली नागरिकता दिन माग गरेका छन्। सिंहदरबारमा सोमबार बसेको प्रतिनिधिसभा अन्तर्गतको राज्य व्यवस्था तथा सुशासन समिति बैठकमा नेपाल नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयकमाथिको छलफलका क्रममा उनीहरूले गैरआवासीय नेपालीलाई राज्यले प्रदान गरेको नागरिकतालाई नेपालकै निकायहरूले मान्यता नदिएकाले राज्यका निकायले चिन्ने नेपाली नागरिकता दिन माग गरेका हुन्। गैरआवासीय नेपालीहरूलाई अहिले गैरआवासीय नागरिकता प्रदान हुँदै आएको छ। तर अंशबण्डा लगायतमा गैरआवासीय नागरिकतालाई मान्यता नदिएको उनीहरूको गुनासो छ।

छलफलका क्रममा गैरआवासीय नेपाली संघका संस्थापक अध्यक्ष डा. उपेन्द्र महतोले नेपाली नागरिकसरहको अधिकार हुनेगरी नागरिकता प्रदान गर्नुपर्नेमा जोड दिए। उनले सांसद हुन चाहने व्यक्ति नेपालको नागरिकमात्रै हुनुपर्नेमा आफूहरू स्पष्ट रहेको भन्दै अन्य अधिकार प्रयोग गर्न पाउने गरी नागरिकता दिने व्यवस्था कानुनमा गर्नुपर्ने उल्लेख गरे।

त्यस्तै गैरआवासीय नेपाली संघका पूर्वअध्यक्ष रविना थापाले मालपोतले समेत नचिन्ने गैर आवासीय नागरिकताले समस्या उत्पन्न भएकाले वंशको आधारमा नागरिकता लिएका नेपाली नागरिकतालाई निरन्तरता दिनुपर्ने सुझाव दिए।

त्यस्तै ब्रिटिस गोर्खा सैनिकहरूले पनि नागरिकतामा विभेद भएकाले अब कानुन बनाउँदा त्यसमा ध्यान दिनुपर्ने उल्लेख गरे। समिति सभापति रामहरि खतिवडाले गैरआवासीय नेपालीका लागि प्रदान गरिने नागरिकताका सम्बन्धमा सरकारले स्पष्ट धारणा ल्याउने र त्यसलाई विधेयकमा समावेश गरिने प्रतिबद्धता जनाए।

**हाम्रो नेपाली नागरिकताले निरन्तरता पाउनुपर्छ : ब्रिटिस गोर्खा सैनिक**

बेलायती भूतपूर्व गोर्खा सैनिकले वंशजका आधारमा प्राप्त नेपाली नागरिकताले निरन्तरता पाउनुपर्ने माग गरेका छन्।

राज्यव्यवस्था समितिको बैठकमा भूपू गोर्खा सैनिकका प्रतिनिधिले आफूहरूले नयाँ नभइ भएकै नागरिकताको निरन्तरता चाहेको धारणा राखे।

त्यसअवसरमा ब्रिटिस गोर्खा भूपूसैनिक कृष्णकुमार राईले आफूहरूले उठाएको नागरिकतासम्बन्धी विषय बेलायत सैनिकमा नेपाली युवाको भर्ती बन्द गर्ने कि नेपाली नागरिकताले निरन्तरता पाउने भन्ने रहेको बताए।

भूपूगोर्खा सैनिकले बेलायती सेनामा गरेको योगदान स्वरूप नेपाललाई वार्षिक करिब २१ करोड बेलायती मुद्रा प्राप्त भइरहेको जानकारी दिँदै उनले राज्यको सम्झौताअनुरूप बेलायती सेनामा भर्ना भएका युवाको नागरिकताले निरन्तरता नपाउने विषय मानवअधिकारको मूल्यमान्यता विपरीत रहेको धारणा राखे।

सो अवसरमा अहिले बेलायती सेनामा करिब तीन हजार ५०० को सङ्ख्यामा नेपाली युवा गोर्खा सैनिकका रूपमा कार्यरत रहेको तथा करिब २२ हजार भूपूगोर्खा रहेको जानकारी दिइयो।

# गरुडा-६ मा नाला निर्माण कार्यको शिलान्यास

**सत्येन्द्र प्रताप सिंह**
रौतहट, २६ जेठ



रौतहटको गरुडा नगरपालिका-६, पोठियाहीमा बहुप्रतीक्षित नाला निर्माणको शिलान्यास गरिएको छ। नगरपालिकाको चालु आर्थिक वर्षको योजनाअन्तर्गत निर्माण हुन लागेको १३१ मिटर लम्बाइको सो नाला नगरस्तरीय बजेटमार्फत निर्माण हुने भएको हो।

गरुडाका नगरप्रमुख कन्थमणि प्रसाद जयसवालले नाला निर्माण कार्यको शिलान्यास गरेका हुन्। कुल लागत ६ लाख ७५ हजार रुपैयाँ रहेको उक्त आयोजनाले ढल निकास, सरसफाइ तथा वातावरणीय सुधारमा सहयोग पुग्ने विश्वास गरिएको छ।

कार्यक्रमलाई सम्बोधन गर्दै नगरप्रमुख जयसवालले स्थानीयको दीर्घकालीन मागअनुसार यो आयोजना अघि बढाइएको बताए। 'जनस्वास्थ्यको सुरक्षासँगै नगरको दिगो विकासका लागि पूर्वाधार निर्माण हाम्रो पहिलो प्राथमिकता हो,' उनले भने। मेयर जयसवालले गरुडालाई समुन्नत, व्यवस्थित र नागरिकमैत्री नगरका रूपमा विकास गर्न यस्ता आयोजनालाई निरन्तरता दिइने प्रतिबद्धता पनि व्यक्त गरे।

शिलान्यास कार्यक्रममा सहभागी स्थानीयवासीहरूले नगरपालिका तथा जनप्रतिनिधिप्रति आभार प्रकट गर्दै वर्षौंदेखिको पानी जम्ने र ढल व्यवस्थापनको समस्या समाधान हुने विश्वास व्यक्त गरे। नाला निर्माणले नगरको समग्र स्वरूपमा सकारात्मक प्रभाव पार्ने अपेक्षा गरिएको छ।


## UAE स्थित SPARK SECURITY कम्पनीमा SECURITY GUARD हरूलाई रोजगारको अवसर

पुनः विज्ञापन, पूर्व स्वीकृती मिति: २०८१/९/१२ चलानी नं. ६०२३०४६८ LT.No. 316286

SPARK Security Services, Abu Dhabi

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Security Guard | 60 | 52 | काममा दक्ष | 2000 | ७४,७९२।- | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | | २ वर्ष |

Basic Salary AED 2000 र Overtime Allowance AED 770 सहित AED 2770 (रू. १०३,५८७/-) भन्दा माथी कमाउन सकिनेछ।

▸ SLC पास हुनु पर्नेछ साथै English भाषा राम्रो सँग लेख्न, बोल्न र पढ्न सक्ने हुनुपर्ने छ। ▸ उमेरको हकमा २२ वर्ष भन्दा माथी ४० वर्ष ननाघेको हुनु पर्नेछ। ▸ उचाई कम्तीमा ५ फिट ७ ईन्च भन्दा माथी हुनु पर्नेछ। ▸ X-Army, Police, Gulf तथा Civil Security मा कम्तीमा ३ वर्ष कामको अनुभव हुनुपर्नेछ।

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २,३०८।- कामदार आफैले | रु. १,५००।- कामदार आफैले | रु. ७,००।- कामदार आफैले | निःशुल्क |

अन्तरवार्ता कम्पनीको प्रतिनिधिबाट २०८२ असार ४ गते (18 June, 2025) सिद्धार्थ होटल ग्राण्ड सिटि, झापामा हुनेछ।

अल्फा सिग्मा ओभरसिज प्रा. लि.
सिनामंगल (तारा हलचोक, गुँण कोलनी सँगै), काठमाडौं, नेपाल
फोन: ०१-४५६१८२७, ४५६१९४६
श्रम इजाजत नं.: ५१६/०६१/०६२
Email : alphasigmanepal@gmail.com | Web: alphasigmaoverseas.com


# दलित समुदायका लागि छुट्याइएको लक्षित बजेट अन्य काममा खर्च

**बालराम शेर्पाली/मध्यान्ह**
रुकुमपूर्व, २६ जेठ

रुकुमपूर्वको सिस्ने गाउँपालिका-२ मा दलित समुदायका लागि छुट्याइएको लक्षित बजेट अन्य योजनामा खर्च गरिएको भन्दै स्थानीय दलित समुदाय आक्रोशित बनेका छन्। कानुनले स्पष्ट रूपमा लक्षित वर्ग, विशेषगरी दलित समुदायको सशक्तिकरणका लागि छुट्टै बजेट व्यवस्था गर्नुपर्ने प्रावधान गरे पनि सो बजेट समुदायसम्म नपुगेको गुनासो स्थानीयको छ।

दलित अगुवा भागीराम कामीका अनुसार अघिल्लो कार्यकालको पालिकाले केही योजनाहरूमार्फत समुदायका माग सम्बोधन गर्ने प्रयास गरे पनि वर्तमान नेतृत्वले ती योजना थाती राखेर बेवास्ता गरिरहेको छ। 'कानुन अनुसार दलित उत्थानका लागि बजेट छुट्याउनुपर्छ तर वडाले त्यो बजेट अन्य योजनामा खर्च गरेको छ,' उनले भने। यसैबीच, अर्का स्थानीय धनबहादुर कामीले स्थानीय 'सरकारको व्यवहारलाई दोहोरिएको विभेद' को संज्ञा दिए। 'हामीलाई कहिले बजेट छैन भनिन्छ, कहिले कार्यान्वयन भएन भनिन्छ, तर वास्तविकता भने सधैं बेवास्ता हो,' उनले दुखेसो पोखे। सुरेश रामजालीले दलित समुदाय सूचना, सेवा र अधिकारका हिसाबले अझै पनि पछाडि पारिएको महसुस भइरहेको बताए। 'हामीलाई थाहा पनि छैन कि के सुविधा पाइन्छ, के अधिकार हुन्छ, त्यसमाथि हाम्रो नाममा बजेट आएर अरूको काममा प्रयोग गरिन्छ भने त्यो त झनै अपमान हो,'उनले भने।

स्थानीयवासीहरूले सबैभन्दा दुःखद पक्ष दलित समुदायबाटै निर्वाचित वडासदस्यलाई समेत लक्षित बजेटबारे कुनै जानकारी नभएको बताइएको छ।

'यो त लापरबाही मात्र होइन, समुदायप्रति गरिएको संस्थागत अपमान हो,' उनीहरूले भने।

वडाध्यक्ष कृष्णबहादुर खड्कासँग सो विषयमा प्रतिक्रिया माग्दा उनले बजेट ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, बालबालिका र शहीद परिवारको पक्षमा खर्च भएको जानकारी दिए। तर दलित अगुवाहरूले उनको यो प्रतिक्रियालाई कानुनी मर्मविपरीत र जवाफदेहीताबाट उम्किने प्रयासको संज्ञा दिएका छन्।

स्थानीय सरकार संचालन ऐन, २०७४ अनुसार लक्षित वर्गका लागि प्रत्येक वर्ष अनिवार्य रूपमा बजेट विनियोजन गर्नुपर्ने स्पष्ट प्रावधान छ। तर सिस्ने-२ मा उक्त कानुनी दायित्वलाई बेवास्ता गर्दै दलित समुदायलाई वञ्चित गरिनु गम्भीर विषय भएको दलित अधिकारकर्मीहरू बताउँछन्।

उनीहरुले 'बजेट हाम्रो नाममा, फाइदा अरूको काममा' भन्ने नारासहित संघर्षमा गर्ने चेतावनी समेत दिएका छन्।

## Invitation for Quotations

### Jhapa Rural Municipality
### Office of the Rural Municipal Executive

Taghandubba, Jhapa

**Date of publication (first notice): 2025-06-10 (2082-02-27)**

1. *[Jhapa Rural Municipality, Office of Rural Municipal Executive]* invites electronic Sealed Quotations from Nepalese eligible bidders for the procurement of following works under Sealed Quotation procedures.
2. Eligible bidders may obtain further information and inspect the Quotation Documents at the PPMO website www.bolpatra.gov.np/egp.

| S.N | NAME OF PROCUREMENT | LAST DATE OF QUOTATION SUBMISSION/OPENING | BID SECURITY AMOUNT AND VALIDITY PERIOD |
|---|---|---|---|
| 1. | Milan Basti Jane Batoma Box Culvert Nirman SQ NO: SQ/JHAPA/JRM/08/081-82 | 2025/06/25 (2082/03/11) 12:00PM/1:00PM | 40,000/- (45+30) DAYS |

**Chief Administrative Officer**

## कर्मचारी हटाइएको सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत प्राप्त यस **Kanchanjunga Overseas Pvt. Ltd. (इजाजत पत्र नं. ५८२/०६२/०६३)** मा **पिआरो पदमा** कार्यरत कर्मचारी **टेकेन्द्र खत्री, नागरिकता नं ६४-०१-७२-०५१३२,** हाल यस कार्यालयमा कार्यरत नरहेको सम्बन्धित सबैमा जानकारी गराईन्छ। साथै निज व्यक्तिसँग यस प्रा.लि.को नाममा वैदेशिक रोजगार सम्बन्धी कुनै पनि आर्थिक कारोबार नगर्न/नगराउनु हुन यसै सार्वजनिक सूचनाद्धारा सम्बन्धित सबैमा जानकारी गराइन्छ। यदि यसो गरे गराएमा यस प्रा.लि. जिम्मेवार हुने छैन। साथै कुनै दाबी बिरोध भएमा ७ (सात) दिन भित्र यस प्रा.लि. मा वा वैदेशिक रोजगार विभाग कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

KANCHANJUNGA OVERSEAS PVT. LTD.
Gyankunja Marga, Shantinagar, Kathmandu, Tel.: 4621331, 4621332
Govt. Lic. No. 582/062/063 E-mail : kanchanjungha582@gmail.com, Web.: www.kanchanjunghaoverseas.com


## VACANCY

One of the leading Manpower Company in Kathmandu is seeking for following applicant.

Public Relation Officer (PRO) 4 - Male/Female

- **Requirements:**
- Minimum 5 years of experienced in manpower field.
- Minimum +2 Passed.
- Excellent interpersonal and communication skills.

RHEE HUMAN RESOURCES PVT. LTD.
Chitrakar House, Sumangal Marga 8, Lalitpur.
Tel No: 4515356/4513898. Mobile No: 9851283620.

## Vacancy Annoucement

One of the reputed recruitment agency is seeking for following applicants.

Attractive Salary + Insentive

**Female Counselors : 2**

Requirements:
Qualification: +2 Passed & Basic computer knowledge
Experienced in the related fields.
SEND YOUR CV: info@opusmanpower.com

OPUS MANPOWER PVT. LTD.
Samakhusi-26, Kathmandu , Landline No : 01-4957256,
Mob: 9851100368, 9812569634
श्रम ई. पत्र नं. ९४८/०६७/०६८

## VACANCY ANNOUNCEMENT

यस प्रतिष्ठित म्यानपावर कम्पनीका लागि निम्न कर्मचारीहरु आवश्यक भएको हुँदा दक्ष व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क गर्नुहोला।

Receptionist : 1 (Female)
Public Relation Officer (PRO) : 1 (Male/Female)

SALARY Negotiable

- **Requirements:**
- ★ Minimum 2/3 Years of Experienced in Manpower fields.
- ★ Minimum +2 Passed.

ईमास्को नेपाल प्रा. लि.
श्रम ईजाजत नं. ११७/०५५/०५६
गोंगबु, सामाखुसी, काठमाडौं, नेपाल, फोन: ४९६२७०८, ४९५७७०८,
Mob.: 9765821842 (WhatsApp)


## कोशी प्रदेश इलाम जिल्लाको देउमाई नगरपालिकाको क्षेत्राधिकार भित्र बग्ने देउमाई खोला, पुवा खोला र माई खोलाको विभिन्न बगर क्षेत्रबाट दिगो रुपमा ढुङ्गा, गिट्टी र बालुवा उत्खनन् तथा सङ्कलन कार्यको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी सम्बन्धित सार्वजनिक सूचना

**(प्रकाशित मिति : २०८२/०२/२७)**

कोशी प्रदेश, इलाम जिल्ला, देउमाई नगरपालिकाद्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | देउमाई नगरपालिका, नगर कार्यपालिकाको कार्यालय<br>ठेगाना : मंगलबारे, इलाम, कोशी प्रदेश, नेपाल<br>फोन नं. : ०२७-४००००१<br>इमेल : deumai.nagarpalika@gmail.com |
| प्रस्तावको व्यहोरा | देउमाई नगरपालिकाको क्षेत्राधिकार भित्र बग्ने देउमाई खोला, पुवा खोला र माई खोलाको विभिन्न बगर क्षेत्रबाट दिगो रुपमा ढुङ्गा, गिट्टी र बालुवा उत्खनन् तथा सङ्कलन |
| प्रभाव पर्न सक्ने क्षेत्र | देउमाई नगरपालिका, वडा नं. २, ५, ६, ७ र ९ |

माथि उल्लिखित प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण सम्बन्धी प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको भौतिक तथा रसायनिक प्रणाली, जैविक प्रणाली, सामाजिक-आर्थिक प्रणाली र साँस्कृतिक प्रणालीमा के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको नगरपालिका तथा त्यस क्षेत्रका विद्यालय, स्वास्थ्य चौकी, सरोकारवाला व्यक्ति तथा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकाले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र निम्न ठेगानामा आइ पुग्ने गरि लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगानाहरु:**

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | देउमाई नगरपालिका, नगर कार्यपालिकाको कार्यालय<br>ठेगाना : मंगलबारे, इलाम, कोशी प्रदेश, नेपाल<br>फोन नं. : ०२७-४००००१<br>इमेल : deumai.nagarpalika@gmail.com |
| परामर्शदाताको नाम र ठेगाना | बि.एम.एस नेपाल प्रा. लि.<br>ठेगाना : कोटेश्वर, काठमाण्डौँ<br>इमेल : bmsnepal2021@gmail.com<br>फोन : ९८५११००६३२ |

## सिद्धार्थ बैंक लिमिटेड, शाखा कार्यालय हेटौंडा, मकवानपुरको तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति २०८२/०२/२७ गतेको मध्यान्ह राष्ट्रिय दैनिक

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिंदा गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको लेना रकम नबुझाई ऋण लिंदा गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवं लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी ऋण दायित्व फछ्र्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

अतः यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्र्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी लगायत सम्बद्ध सबै पक्षलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितो जमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो जहाँ जो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैंले धितोको सम्पत्ति गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी लेना असुल उपर गरिनेछ। कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिने, कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने एवम् ऋणी तथा सम्बद्ध पक्षहरुलाई नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचनाद्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ।

**तपसिल**

| ऋणीको विवरण | व्यक्तिगत जमानीकर्ताको विवरण |
|---|---|
| गणेश बहादुर थिङको बुहारी, टेक बहादुर थिङ्गको पत्नी, बारा जिल्ला, साविक अमलेखगंज गा.वि.स./न.पा. वडा नं. ९ स्थायी ठेगाना भई हाल मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा. वडा नं. १२ बस्ने **अमृता थिङ्ग** (ना.प्र.नं. ३३ १९२७२, जारी मिति २०६२/०८/०५, जि.प्र.का. बारा)। | लोक्त बहादुर थिङको नाति, गणेश बहादुर थिङको छोरा, बारा जिल्ला, साविक अमलेखगंज गा.वि.स./न.पा. वडा नं. ९ स्थायी ठेगाना भई हाल मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा. वडा नं. १२ बस्ने **टेक बहादुर थिङ** (ना.प्र.नं. ७/१३१, जारी मिति २०४६/०१/२०, जि.प्र.का. बारा)। |

**धितोको विवरण**

१. अमृता थिङ्ग (ना.प्र.नं. ३३ १९२७२, जारी मिति २०६२/०८/०५, जि.प्र.का. बारा) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको मकवानपुर जिल्ला, साविक पदम पोखरी गा.वि.स./न.पा. वडा नं. ७ नक्सा सिट नं. ७ स्थित कित्ता नं. १४८३ को क्षेत्रफल ०-१-०-० (वि.क.धु.क.) बमोजिमको जग्गा एवं सो जग्गामा बनेको घर र सो घर जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

२. धनी सिद्धार्थ बैंक लि. भई ऋणी अमृता थिङ कायम भएको नारायणी अञ्चल, यातायात व्यवस्था कार्यालयमा दर्ता कायम रहेको तपसिल बमोजिमको सवारी साधन :

| सवारी मोडेल | सवारी दर्ता नं. | ईन्जिन नं. | च्यासिस नं. |
|---|---|---|---|
| Mahindra yuvo 575 Tractor (2018) | ना ६ त ९७०६ | NJC5GFE3060 | MBNUFALYAJNC00263 |

Siddhartha Bank
शाखा कार्यालय : हेटौंडा, मकवानपुर
फोन नं. ०५७-५२६७६७
Website : www.siddharthabank.com

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति: २०८२/०२/२७**

**इन्जिनियरिङ्ग परामर्श केन्द्र**को मिति २०८२/०२/०६ गते सम्पन्न विशेष/वार्षिक साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **श्रीइन्जिनियरिङ्ग निर्माण तथा परामर्श सेवा (प्रा.लि नं ११०१७०)** कायम गर्ने गरी मिति २०८२/०२/२१ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।


## Cyprus मा रोजगार | १. कम्पनी: Loukas Theodorou Recruitment Agency, Limassol, Cyprus

पूर्व स्वीकृती मिति २०८२/०२/२५ चलानी नं. ६०२३९३०९ LT.No. 325331

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने.रू. | हप्तामा कामगर्ने दिन | प्रतिदिन कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Employee | 10 | 10 | स.कामना दक्ष | 700 | १०९,७३०।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | | छ | | २ वर्ष |

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले दिने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बीमा कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने हुने रोजगारदाता | हवाई टिकट कसले दिने र कति लाग्ने | भीषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखीकरण तालिम शुल्क | कल्याणकारी कोष व्यवस्था | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफै | कम्पनीले | निःशुल्क | निःशुल्क | कामदार स्वयं रु. ७००।- | कामदार स्वयं रु. १५००।- | रु. ३५,०००।- |

अन्तर्वार्ता २०८२ असार ३ गते (17 June, 2025) मेनपावर कार्यालय गोंगबुमा हुनेछ।

S.R.C. Job Placement Pvt. Ltd.
Gov. Lic. No. 1585/079/80
Gongabu-26, KTM. Phone:- 01-5915880, 5916880, Email:- info@srcjobplacement.com

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

२७ जेठ २०८२ मंगलबार
10 June 2025, Tuesday

## सम्पादकीय

# संसद् खोल्न पहल गरियोस्

सत्ता र विपक्षीले अडान नछोड्दा संघीय संसद् बन्धक बन्दै आएको छ । भिजिट भिसा प्रकरणमा गृहमन्त्री रमेश लेखक समेतको संलग्नता रहेको आरोपसहित विपक्षीहरूले संसद् अवरोध गर्दै आएका हुन् । आगामी आर्थिक वर्ष २०८२/०८३ का लागि १५ जेठमा बजेट प्रस्तुत हुन दिएका विपक्षीहरूले फेरि अडान लिएका छन् । माओवादी केन्द्र, रास्वपा, राप्रपा, एकीकृत समाजवादीलगायत विपक्षीले गृहमन्त्री लेखकको राजीनामा मागेका छन् । यद्यपि माओवादी, एकीकृत समाजवादीसहित केही दल भने राजीनामाको अडानबाट पछि हटेका छन् । यदि गृहमन्त्री लेखकमाथि निष्पक्ष छानबिन सुनिश्चितता हुने हो भने संसद् चल्न दिने यी दलहरूले संकेत दिएका छन् । तर रास्वपा र राप्रपाले भने गृहमन्त्री लेखकले पदबाट राजीनामा दिनुपर्ने अडान छोडेका छैनन् ।

गृहमन्त्री जस्तो शक्तिशाली पदमै रहेका व्यक्तिमाथि अख्तियार दुरूपयोग अनुसन्धान आयोगले निष्पक्ष छानबिन गर्न नसक्ने उनीहरूको तर्क छ । विपक्षीहरूको तर्क दमदार देखिन्छ । अझ रास्वपाले गृहमन्त्री लेखकको राजीनामा माग्नु प्राकृतिक छ । किनकि कांग्रेसकै मागबमोजिम गठित संसदीय छानबिन समितिको प्रतिवेदनकै आधारमा रास्वपा सभापति रवि लामिछानेमाथि मुद्दा चलेको छ । सहकारी बचत रकम अपचलन मुद्दामा लामिछाने अहिले थुनामै छन् । त्यसैले रास्वपाले विगतका अभ्यास सम्झाइरहेको छ । कांग्रेससहित सत्तारूढ नेताहरूले भने मन्त्रालयको कुनै कर्मचारी अनुसन्धानको घेरामा तानिदैमा मन्त्रीले राजीनामा दिने नजीर बसाल्न नहुने तर्क गरिरहेका छन् । प्रधानमन्त्री केपी ओलीले छानबिन समिति गठन र राजीनामा दुवै नहुने अभिव्यक्ति दिइरहेका छन् ।

यसरी सत्ता र विपक्षी आ–आफ्नो अडानमा अडिग रहँदा नोक्सान चाहिँ संघीय संसद् र राष्ट्रिय राजनीतिमा परिरहेको छ । अर्थमन्त्री विष्णुप्रसाद पौडेलले संसद्मा प्रस्तुत गरेको बजेटमाथि सांसदहरूले छलफल गर्न पाएका छैनन् । सरकारले ल्याएको बजेटले जनताको अपेक्षा र राष्ट्रको लक्ष्य सम्बोधन गर्न सक्यो वा सकेन भन्ने बहस हुन सकेको छैन । अहिलेको बजेटमा कस्ता कमजोरी छन् र त्यसलाई सच्याउन नेताहरूले प्रतिबद्धता गर्नु नपर्ने परिस्थिति निर्माण भइरहेको छ । त्यसैले यो गृहमन्त्री प्रकरण सकेसम्म चाँडो निरूपण हुन जरूरी छ । राजीनामा गरेर छानबिन अगाडि बढाउने अथवा अख्तियारको निर्णयका आधारमा अगाडि बढ्ने भन्ने निर्क्यौल चाँडो हुन जरूरी छ । यसतर्फ नेतृत्वको ध्यान पुगोस् ।

# विभेदको अन्त्य कहिले ?

*समाजमा दलित र गैर दलितबिचको विभेद त छ नै त्यसका अलावा दलित र दलितकै बिचमा पनि ठूलो विभेद छ । जसको अन्त्य बिना विभेदको अन्त्य हुँदैन...*

अग्रलेख



● नविन वि.क



नेपालमा दलित समुदायमाथि हुँदै आएको जातीय भेदभाव तथा छुवाछुत प्रथाको अन्त्य गर्ने उद्देश्यका साथ २०६३ जेठ २१ गते व्यवस्थापिका संसद्ले 'छुवाछूतमुक्त राष्ट्र' घोषणा गरेको थियो । सोही दिनको स्मरणमा त्यसयता प्रत्येक वर्ष जेठ २१ मा जातीय भेदभाव तथा छुवाछुत उन्मूलन राष्ट्रिय दिवस मनाउँदै आइएको छ । नेपाल छुवाछुत मुक्त राष्ट्र घोषणा भएको जेठ २१मा १९ वर्ष पुगेको छ । सरकारले जातीय विभेद र छुवाछूत अन्त्यको घोषणा गरे पनि समाजमा दलित समुदायले अझै पनि विभेद र बहिष्करण भने भोग्दै आएका छन् । कानुनी र संवैधानिक व्यवस्थाका बाबजुद, व्यवहारिक रूपमा यी समस्याहरू अझै पनि समाजमा विद्यमान छन् ।

देशमा लोकतन्त्रको स्थापना पुनर्बहालीसँगै सबै किसिमका विभेद अन्त्य गर्न पटक-पटक सार्वजनिक घोषणा भए । तर, त्यी घोषणा मात्रै कानुनमा सीमित भएकी जस्तो देखिन्छ । देशमा भएका राजनैतिक तथा विभिन्न आन्दोलनले देशको व्यवस्था बदलिएको छ, तर अवस्था त्यस्तै दयनीय छ । बदलिएको व्यवस्थामा अवस्था बदल्न सकियो भने मात्रै जनताले परिवर्तनको अनुभूति गर्नेछन् । नेपाल एउटा यस्तो देश हो, जहाँ विभिन्न जातजाति, धर्म, भाषा, रीतिरिवाज संस्कृति मान्ने मानिसको बसोबास रहेको छ । यहाँ वि.सं. २०६८ को जनगणनाअनुसार १२५ जातजाति र २०७८ को जनगणनाअनुसार थप १७ गरी १४२ जातजातिका मानिस बसोबास गर्छन् । सबैका आफ्नै धर्म, आफ्नै संस्कृति र आफ्नै रीतिरिवाज रहेका छन् । यहाँ आफूलाई माथिल्लो भनिनेहरूबाट तल्लो भनिएकाहरूले जहिले पनि विभेद सहनु परेको छ । यस्ता घटनाहरूमा सार्वजनिक पानीको स्रोतमा भेदभाव, विद्यालयहरूमा विभेद, अन्तरजातीय विवाह र सार्वजनिक स्थलमा हुने विभिन्न क्रियाकलापहरूका कारण उत्पन्न समस्या सामेल छन् । यस्ता खालमा विभेदको कानुनी रूपमा त उपचार भयो तर, व्यवहारिक रूपमा भएन ।

संयुक्त राष्ट्र संघको २०२० को सर्वेक्षणअनुसार नेपालका ९७ प्रतिशत दलितहरू जातीय भेदभाव र छुवाछुतको सिकार भएका छन् । जसमा कथित उच्च जातीका ठूलो संख्यामा सहभागीले छुवाछुत र अशुद्धतामा विश्वास गर्ने बताएका थिए । मान्छेको उत्पत्ति कालमा आजको जस्तो भाषा, धर्म, जात, समुदाय आदी थिएन । यो त बसोबास क्षेत्रको विकास, विभिन्न चिजको आविष्कार, बढ्दो जनसंख्या आदीका कारण मानिसका अनेकौं जातजाति, भाषा, धर्म संस्कृति जन्मिएका हुन् । जातजाति, भाषभाषी, धर्म, संस्कृति रीतिरिवाज त हाम्रा सम्पत्ति हुन । यिनको सही व्यवस्था हुन नसक्दा र नबुझ्दा यी विभेदहरू भएका हुन् ।

**प्रथाको इतिहास**

खासगरी भारतबाट आर्य मूलका हिन्दु धर्मावलम्बी लिच्छविहरू नेपाल भित्रिएपछि उनीहरूले नै जातीय विभेद र छुवाछूत प्रथा नेपालमा भित्र्याएका थिए । सोही समयदेखि नेपालमा जातीय भेदभाव भित्रिएको मानिन्छ । त्यतिबेला दण्ड, सजायको व्यवस्थामा पनि जातीयताको आधारमा फरक-फरक नियम भएको पाइन्छ । त्यो समयमा शासकले बनाएको नियम जनताले पूर्णरूपमा पालन गर्ने हुँदा नेपाली समाजमा यसको प्रभाव गहिरो रूपमा पर्न गएको भेटिन्छ । राणा कालमा नेपालमा छुवाछुत प्रथाले कानुनी मान्यता पाएको थियो । परम्परागत रूपमा चल्दै आएको प्रथा राणा कालमा लिखित दस्ताबेज बन्यो । राणा प्रधानमन्त्री जङ्गबहादुर राणाले बनाएको वि.सं. १९१०को मुलुकी ऐनमा क्रिश्चियन, मुसलमान, कामी, सार्की, दमाई गैह्र पानी नचल्ने जात र छोइछिटो समेत हाल्नुपर्ने जातले छोएको, पकाएको अनाज खान नहुने, तर नपकाएको खान हुने भन्ने कुरा उल्लेख गरी मानिसले मानिसलाई छुन नहुने मात्र होइन अछुत मानिएका जातले छोएको समेत खान नहुने नियम बनाएका थिए ।

वि.सं. २००७ सालमा राणा शासनको अन्त्य भयो । त्यसपछि देशमा प्रजातन्त्र स्थापना भयो । प्रजातन्त्रपछि देशमा धेरै कुरा परिवर्तन भए, तर छुवाछुतबारे खासै चासो देखाइएन । वि.सं. २०२० सालमा बनेको मुलुकी ऐनमा नेपालमा जातीय आधारमा कसैलाई भेदभाव गर्न पाइने छैन भन्ने कुरा उल्लेख गरियो तर विभेद गर्दा कस्तो सजाय हुने भन्ने कुरा उल्लेख भएन । यसरी पहिलो पटक कानुनी रूपमा नेपाली समाजमा व्याप्त रहेको प्रथा विरुद्ध कानुन बने पनि त्यससँग बाझिने कानुनका कारणले यो विभेदको अन्त्य हुन सकेन ।

पञ्चायत कालमा छुवाछुत प्रथाका विरुद्ध त्यस्तो खासै उल्लेखनीय काम भएको पाइँदैन । पुनः प्रजातन्त्र स्थापना भई २०४७ सालमा बनेको संविधानमा कुनै पनि नेपालीलाई जातपातका आधारमा भेदभाव गर्न नहुने कुरा उल्लेख भए पनि कार्यान्वयन पक्ष फितलो हुँदा दरिलो रूपले कार्यान्वयन हुन सकेन । २०६२/०६३ सालमा जनआन्दोलन भयो । नेपालको अन्तरिम शासन विधान २०६३ बन्यो । जसमा जातीय भेदभाव तथा छुवाछुत प्रथालाई पूर्ण रूपमा कानुनी बन्देज लगाउने कुरा उल्लेख भयो ।

**कानुनी र संवैधानिक हक**

वि.सं. २०७२ असोज ३ मा नेपालको संविधान २०७२ जारी भयो । नेपालको संविधान २०७२ को धारा २४ मा छुवाछूत तथा भेदभाव विरुद्धको हक उल्लेख छ । जसमा 'कुनै पनि व्यक्तिलाई निजको उत्पत्ति, जात, जाति, समुदाय, पेसा, व्यवसाय वा शारीरिक अवस्थाको आधारमा कुनै पनि निजी तथा सार्वजनिक स्थानमा कुनै प्रकारको छुवाछूत वा भेदभाव गरिने छैन' भन्ने कुरा उल्लेख छ । यदि छुवाछुत तथा भेदभाव गरिएको ठहर भएमा ३ वर्ष सम्म कैद वा एक हजारदेखि २५ हजारसम्म जरिवानाको प्रावधान राखेको छ । यसका साथै राष्ट्रिय दलित आयोगलाई पनि संवैधानिक अङ्ग सरह मान्यता दिइएको छ । कुनै पनि व्यक्ति समाज, सरकार या समूहले कसैलाई जातीय आधारमा विभेद गर्नु र उनीहरूको मर्यादामाथि आघात पुऱ्याउनु दण्डनीय मानेको छ ।

यस्तै, राज्य संचालनको जिम्मेवारी लिएर बसेका व्यक्तिहरू पछिल्लो समय पुँजीपति शासकका रूपमा रूपान्तरण हुँदै छन् । त्यी व्यक्तिहरूले बेलाबखतमा दलित राहत प्याकेजको नाममा 'बिचरा दलित' भन्दै उद्धार कार्यक्रमहरू ल्याएको जस्तो गर्छन्, तर दलितमुक्ती आन्दोलन कुनै पनि कोणबाट 'बिचरा' हुन सक्दैन । दलित मुक्तीका लागि तिम्रो राहत प्याकेज होइन, समग्र विभेदकारी अवस्था नै परिवर्तन गर । जातीय विभेद तथा छुवाछूत कानुनी अपराध हो भन्ने सबैलाई बुझाई यसको अन्त्य गर्नुपर्छ ।

**दलित र दलितबीचको विभेद**

समाजमा दलित र गैर दलितबीचको विभेद त छ नै त्यसका अलावा दलित र दलितकै बिचमा पनि ठूलो विभेद छ । जसको अन्त्यबिना विभेदको अन्त्य हुँदैन । दलितहरूमा सबैभन्दा माथि पहाडी दलितका कामी र त्यसमा पनि सुनारहरू मानिन्छन् । सुनारलाई गैर दलितले छुवाछुतको व्यवहार गर्छन् भने सुनारले अन्य दलितहरूलाई आफूभन्दा सानो ठानेर विभेद गर्छ । नेपालमा जातीय भेदभाव तथा छुवाछुतको अन्त्यका लागि सबैभन्दा पहिला दलित भित्रकै विभेदको अन्त्य गर्नुपर्छ ।

**विभेद अन्त्य सम्भव छ त ?**

जातीय भेदभाव र छुवाछुतको अन्त्यका लागि नेपालमा बहुआयामिक दृष्टिकोण आवश्यक छ । कानुनी, सामाजिक, शैक्षिक र आर्थिक पहलहरूको संयुक्त प्रयासले मात्र यी समस्याहरूलाई प्रभावकारी रूपमा समाधान गर्न सकिन्छ । नेपालको संविधान र विभिन्न ऐनहरूले जातीय भेदभाव र छुवाछुतलाई अपराध मान्दछन् । यद्यपि, कानुनी कार्यान्वयनमा कमजोरी र पीडितहरूको डरका कारण धेरै घटनाहरू दर्ता हुँदैनन् । यसका लागि प्रहरी र सरकारी अधिकारीहरूको जिम्मेवारी निर्धारण: कानुनी कारबाही नगर्ने वा ढिलाइ गर्ने अधिकारीहरूलाई दण्डित गर्नुपर्नेछ । शिक्षा र जनचेतना अभिवृद्धि जातीय भेदभावको अन्त्यका लागि महत्वपूर्ण छन् । विद्यालय तहमा जातीय समानता र मानव अधिकारका बारेमा शिक्षा प्रदान गर्नुपर्छ । जातीय भेदभाव र छुवाछुतका बारेमा जनचेतना फैलाउन मिडिया र समुदाय स्तरमा अभियानहरू सञ्चालन गर्नुपर्छ ।

आर्थिक र राजनीतिक समावेशिता जातीय भेदभावको अन्त्यका लागि आवश्यक छ । दलित समुदायका सदस्यहरूलाई स्वरोजगार, तालिम र रोजगारका अवसरहरू प्रदान गर्ने, दलित समुदायका सदस्यहरूलाई राजनीतिक निर्णय प्रक्रियामा समावेश गर्नुपर्ने हुन्छ । यसैगरी, विभिन्न जाति र समुदायका बिच सांस्कृतिक आदानप्रदान र सहकार्यलाई प्रवर्द्धन गर्नुपर्छ । विभिन्न जाति र समुदायका बिच संवाद र समझदारीलाई प्रवर्द्धन गर्ने, धार्मिक र सांस्कृतिक संस्थाहरूलाई जातीय समानता र मानव अधिकारका पक्षमा सक्रिय बनाउँदै लैजानुपर्छ । जातीय भेदभाव र छुवाछुतको अन्त्यका लागि यी सबै उपायहरूको समन्वित कार्यान्वयन आवश्यक छ । यसका लागि सरकार, नागरिक समाज र समुदायका सबै सदस्यहरूको सक्रिय सहभागिता र प्रतिबद्धता आवश्यक छ ।

## इतिहासमा आज

१० जुन १९९४ मा चीनले लोप नुरको क्षेत्र सीमा डिफ-३१ वारहेडको लागि आणविक परीक्षण गरेको थियो ।



१० जुन १९९७ मा आफ्नो उत्तरी गढबाट भाग्नुअघि, खमेर रुज नेता पोल पोटले आफ्नो रक्षा प्रमुख सन सेन र सेनको परिवारका ११ सदस्यहरूको हत्या गर्न आदेश दिएका थिए ।



१० जुन १९९९ मास्लोबोदान मिलोसेभिचले कोसोभोबाट सर्बियाली सेना फिर्ता लिन सहमत भएपछि नाटोले आफ्नो हवाई आक्रमण स्थगित गरेको थियो ।



१० जुन २०१८ मा अपर्चुनिटी रोभरले पृथ्वीमा अन्तिम सन्देश पठाएको थियो । जुन सन्देश पठाएको ९ महिनापछि फेब्रुअरी १३, २०१९ मा मिसन समाप्त भएको घोषणा गरिएको थियो ।



# राजावादी आन्दोलन : सिकेको पाठ र दिएको सन्देश

विचार



● जनकराज पाठक

*यस पटकको राजावादी आन्दोलन, प्रमुख राजनीतिक शक्तिहरूलाई नराम्रोसँग झस्काउन सफल भएको छ । प्रधानमन्त्री ओलीका अनियन्त्रित बोली र प्रचण्डका कामेका स्वरहरूले उनीहरू व्यवस्था टिकाउन नसक्नेमा गम्भीर देखिएका छन्...*

विगत १८ वर्षअघि तत्कालीन राजनीतिक परिस्थितिबाट छेउ लागेका राजसंस्थाको पक्षमा निरन्तर आवाज उठाउँदै आएका राजसंस्थावादीहरूको जेठ १५ बाट काठमाडौं केन्द्रित ७ दिने अभियानले यो शक्तिलाई स्थापित गरेको छ । छुट्टाछुट्टै वा एक्लै आवाज उठाइरहेकाहरूको यस पटकको संयुक्त अभियानले यो शक्तिलाई कमजोर आकलन गर्न नसक्ने गरी सन्देश छोडेको छ ।

प्रधानमन्त्री स्वयम् नै यो आन्दोलन दबाउन सडकमा ओर्लिएर आफ्ना कार्यकर्ताहरूलाई प्रत्यक्ष रूपमा राजावादीमाथि जाइलाग्न निर्देशन दिँदासमेत केही लागेन । सातै दिन काठमाडौंमा राजसंस्थावादीहरूले राम्रो प्रदर्शन गरे । प्रधानमन्त्रीका अभिव्यक्तिहरूले उनी स्वयम् नै निकै आलोचित बन्न पुगे । एक-आपसमा कहिले नमिलेका वा मिल्दै नमिल्ने राजावादीहरूलाई यस पटक नवराज सुवेदीको संयुक्त जनआन्दोलन समितिले एकीकृत बनायो । पञ्चायती व्यवस्थाका सफल नेता ८६ वर्षीय नवराज सुवेदीले यसरी अगाडि बढाउनु सक्नु उनको प्रशंसनीय कार्य थियो ।

यति धेरै प्रशंसा बटुल्दा बटुल्दै पनि उनी आलोचित पनि छन् । आफूले जिम्मेवारी पाएका संयुक्त जनआन्दोलन समितिलाई विस्तार गर्न नसक्नु र जिम्मेवारी बाँडफाँट गर्न नसक्नु उनको कमजोरी रह्यो । सबै काम आफैं गर्ने अरू कसैलाई जिम्मेवारी नदिने यो कार्यले आन्दोलनमा सहभागी दलहरू भित्रैबाट पनि उनी आलोचित बन्न पुगे । कसैले माने पनि नमाने पनि राप्रपा यो आन्दोलनमा सहभागीहरूमध्ये सबैभन्दा ठूलो दल र शक्ति हो, यही सत्य हो । तर, जनआन्दोलन समितिका सबै निर्णयहरूमा राप्रपाको प्रमुख सहभागिता हुनुपर्नेमा त्यो देखिएको थिएन ।

राप्रपाका अध्यक्षलाई विश्वासमा लिन नसक्नु उनको कमजोरी देखियो भने राप्रपाका अध्यक्षले पनि ठूलो दलको हैसियतमा आफ्नो उपस्थितिलाई हस्तक्षेपकारी देखाउन नसक्नु उनको पनि कमजोरी रह्यो । यद्यपि, यी र यस्ता विषयले आन्दोलन अवधिभर कुनै अर्थ राखेन । अब भविष्यमा यस्तो नहोला ।

देशभरिबाट उपस्थित भएका कार्यकर्ताहरूले दैनिक कार्यक्रमको सूचना समयमै नपाउनु अर्को कमजोरी देखियो । यसक्रममा राजावादी आन्दोलनले एउटा रूप धारण गरिसकेको अवस्थाबाट अत्तालिएर सरकारले काठमाडौं रको करिब ९९ प्रतिशत स्थानलाई निषेधित क्षेत्र घोषणा गर्दै आन्दोलन रोक्न दबाब बढायो ।

मध्ययुगिनकालमा जमिनदारहरूले गाउँ चलाएजस्तै अधिनायकवादी चिन्तनबाट ग्रसित सरकारले कमल थापालाई गरेको गिरफ्तार हेरिसक्नु थिएन । सरकार जसरी पनि यो आन्दोलन दबाउन उद्धत देखिन्थ्यो । पूरै काठमाडौंलाई निषेधित क्षेत्रको घोषणा, नजिकिँदै गएको वर्षा र खेतीपातीको समयको कारण राजावादीहरूले थप दबाब बढाउन नसकेको हो ।


आन्दोलनमा ग्रामीण भेगबाट सहभागीहरूलाई ७ दिने आन्दोलनले हौसला दिए पनि सुरु भएको वर्षा र खेतीको चटारोले रोक्न सक्ने अवस्था रहेन । फलस्वरूपः आन्दोलनको स्वरूप बदल्न बाध्य देखियो । यस पटकको राजावादी आन्दोलन, प्रमुख राजनीतिक शक्तिहरूलाई नराम्रोसँग झस्काउन सफल भएको छ । प्रधानमन्त्री ओलीका अनियन्त्रित बोली र प्रचण्डका कामेका स्वरहरूले उनीहरू व्यवस्था टिकाउन नसक्नेमा गम्भीर देखिएका छन् ।

यो आन्दोलनको अर्को मुख्य उपलब्धि भनेको युवापुस्ताले मुलुकको रक्षार्थ राजालाई खोज्नु थियो । प्रदर्शनमा युवापुस्ताको उपस्थिति बहुमत नै देखिन्थ्यो । युवापुस्ताबाट 'राजा आऊ देश बचाउ' भनेको स्वर गगन भेदी नै थियो । समग्रमा यो आन्दोलनले गणतन्त्र र राजसंस्थाको पक्षमा काठमाडौंमा मिनी जनमत संग्रह नै गरेर विजय हासिल गरेको देखिन्छ ।

अबको दिनमा सातै प्रदेशमा जनजागरण तथा भण्डाफोर अभियान सञ्चालन गर्दै गणतन्त्रवादीका सबै काला कुकृत्यहरूलाई जनतासामु पुऱ्याउँदै सबै जिल्लामा अभियानको रूपमा आन्दोलनलाई बढाउने रणनीति नेतृत्वले तय गरोस् । वर्षा सकिएसँगै आवश्यक बन्दोबस्तीको पूरा व्यवस्था गरेर एक पटक तमाम राष्ट्रवादी जनताहरूलाई राजधानीमा आह्वान गर्ने हो भने शान्तिपूर्ण प्रदर्शनमार्फत नै यो कमजोर जगमा उभिएको गणतन्त्र ढल्नेमा शंका छैन । राम्रो १५ दिनको व्यवस्था हुने हो भने गणतन्त्रलाई कसैले चाहेर बचाउन सक्दैन । अन्तमाः फेरि पनि आन्दोलनमा सहभागी सबै दलहरूको सम्मान र मुख्य दलसँगको आवश्यक छलफल, परामर्शबाट अगाडि बढ्नुको विकल्प छैन । कसैको जुँगाको लडाइँमा आन्दोलनलाई कमजोर पारियो भने इतिहासले माफी दिने छैन ।


*(पाठक, राप्रपाका केन्द्रीय सदस्य हुन् ।)*

## सामाजिक सञ्जाल



**नवराज पन्त**

यदि हामीले काठमाडौं उपत्यका, बनेपा, धुलिखेल र पनौतीका खोंचहरूमा करिब ४०० वटा साना-ठूला ताल पोखरी बनाउने हो भने त्यसबाट करिब ५ हजार वर्षसम्म यी क्षेत्रहरू बस्नलायक हुनेछ । सबैको घरमाथिको पानी ट्यांकी हटाउन सकिन्छ । सबै पोखरीमा पम्प स्टोरेज हाइड्रो सम्भव छ । त्यसले एउटा प्रदेश नै झिलिमिली हुनसक्छ ।



**बद्रि विनोद खनाल**

जसलाई प्रम बनाइन्छ, उसँग पूर्ण बहूमत हुन्छ, बहुमत प्राप्त प्रमले कानुन बनाएर काम गर्ने हो, आफूले गरेको निर्णय नै कानुन हो भनेर बस्ने होइन । यो त पूरै अटोक्रेसी भयो, डेमोक्रेसी भएन । ख्याल गर्नुस् पावर सधैं एकनास हुँदैन । तपाईंहरूले पञ्चहरूलाई माफ दिए झैं अबको पुस्ताले तपाईंहरूलाई माफदिने छैनन् ।



**रवि मिश्र**

आन्दोलन भनेको खेलाँची हो र ? कत्रो त्याग, कत्रो बलिदान, कत्रो निष्ठा चाहिन्छ ! घाम, पानी, आँधीबेहेरीसँग दिनदिनै जुध्नुपर्छ । यो राजावादीको बूताको कुरै होइन नि । आकाशमा गड्याङ्ग के गरेथ्यो, छाता देखेको बाच्छो जसरी घरभित्र छिरेछन् । आन्दोलन राजावादीले आँक्न सक्ने जिनिसै होइन नि ।



**गोपिकृष्ण खनाल**

प्रदेशहरूको आन्तरिक आयका आधार नै साँघुरो भएकाले आर्थिक-सामाजिक क्षेत्रमा सार्वजनिक लगानी बढाउन निजी लगानीलाई आकर्षित गर्ने र सार्वजनिक खर्चको विवेकीकरण गर्नुको विकल्प नै छैन । यसपटक केही प्रदेशहरूले नीति कार्यक्रममा यसलाई महसुस गरेका पनि छन् ।

मध्यान्ह दैनिकका लागि लेख, विचार, टिप्पणी इमेल : article.madhyanhadaily@gmail.com मा पठाउन सक्नुहुने छ । तपाईंले पठाएका सामग्रीलाई उचित स्थान दिइने छ । - सं.

# न राहत न क्षतिपूर्ति, बिचल्लीमा पीडित परिवार



**कृष्ण तिवारी/मध्यान्ह**
रौतहट, २६ जेठ

रौतहटको फतुवा विजयपुर नगरपालिका-४ निवासी ४२ वर्षीय अनुठा राय यादवको सशस्त्र प्रहरीको मोटरसाइकल ठक्करबाट मृत्यु भएको एक महिना नाघिसक्दा पनि पीडित परिवारले न राहत पाएका छन्, न क्षतिपूर्ति । अहिले पीडित परिवार बिचल्लीमा परेका छन् ।

मृतकका परिवारजन तथा स्थानीय सामाजिक अगुवाहरूले सोमबार पत्रकार सम्मेलन गर्दै घटनामा संलग्न दोषीलाई कारबाही गर्न सुरक्षा निकाय उदासीन देखिएको आरोप लगाएका छन् ।

उनीहरूका अनुसार प्रहरी र सरकारी वकिलको मिलेमतोमा मुद्दा दबाउन खोजिएको छ । गत वैशाख २४ गते सशस्त्र प्रहरी बल बेस क्याम्प दुधियाभारमा कार्यरत हवल्दार सुवास सिंहले चिनी तस्करको पछ्याइमा प्रयोग गरेको भारतीय नम्बर प्लेटको मोटरसाइकल बीआर-३०-७९३६ ले ठक्कर दिँदा अनुठा राय गम्भीर घाइते भएका थिए । उपचारका लागि वीरगन्जस्थित गण्डक अस्पताल लगिएकोमा केही दिनमै उनको मृत्यु भएको थियो । मोटरसाइकलमा सवार राम जिनिस साह पनि घाइते भएका थिए । हाल उनी अस्पतालबाट फर्किए पनि बैशाखीको सहारामा हिँडिरहेका छन् ।

मृतकका परिवारले ईलाका प्रहरी कार्यालय गरुडामा उजुरी दर्ता गराए पनि अहिलेसम्म दोषीमाथि कारबाही भएको छैन ।

न त कुनै क्षतिपूर्ति वा क्रियाखर्च प्रदान गरिएको छ । मृतकका छोरा राजेश यादवका अनुसार, सुरुमा नेताहरूले क्षतिपूर्ति दिलाउने आश्वासन दिए पनि पछि सम्पर्कविहीन भएका छन् ।

ईलाका प्रहरी कार्यालय गरुडाका प्रमुख डीएसपी राजन कार्कीका अनुसार, घटनाका मुख्य दोषी फतुवा विजयपुर-४ का अर्जुन उर्फ गोपाल बैठा हुन् र उनी फरार छन् । हवल्दार सुवास सिंहसमेत अभियुक्त रहेको तर अनुसन्धान जारी रहेको कार्कीले बताए । तर प्रत्यक्षदर्शीहरू र घाइते राम जिनिस साहले भने दुर्घटनाको जिम्मेवारी सशस्त्र प्रहरी सुवास सिंहकै रहेको दाबी गरे ।

उनीहरूका अनुसार, अस्पतालमा प्रहरीहरूद्वारा जबरजस्ती अर्को व्यक्तिको नाममा दोष सार्न दबाब दिइएको थियो । पीडित परिवारले दोषीमाथि कारबाही नगरे र क्षतिपूर्ति नदिए तीनवटै सरकारी कार्यालय- जिल्ला प्रहरी कार्यालय, जिल्ला प्रशासन कार्यालय र ईलाका प्रहरी कार्यालयमा चरणबद्ध धर्ना तथा विरोध कार्यक्रम सुरू गर्ने चेतावनी दिएका छन् ।

स्थानीयवासीहरू सामान्य नागरिकको संलग्नतामा हुने दुर्घटनामा तुरुन्त कारबाही हुने तर सुरक्षाकर्मीका घटनामा ढिलासुस्ती देखिएको भन्दै असन्तुष्टि जनाइरहेका छन् । पीडित परिवारले भनेका छन्, 'यदि हामी गरिब भएकै कारण यस्तो बेवास्ता गरिएको हो भने, अब हामी चुप लाग्ने छैनौं । न्यायका लागि अन्तिमसम्म लड्नेछौं ।'

## कोशीमा विपद् बीमा र बस्ती स्थानान्तरण गरिने

**विराटनगर/मस**-कोशी प्रदेश सरकारले विपतको क्षति न्यूनीकरणका लागि विपत बीमा र बस्ती स्थानान्तरण गर्ने तयारी सुरु गरेको छ ।

प्रदेश विपत परिषद्को बैठकले कोशी प्रदेशमा क्षति न्यूनीकरणका लागि बस्ती स्थान्तरण र विपद बीमा गर्ने निर्णय गरेको हो ।

यो निर्णयले प्रदेशमा विपद व्यवस्थापनमा सहयोग पुग्ने अपेक्षा गरिएको छ । विगतको तुलनामा यस वर्ष मनसुन छिटै सुरु भएको र ढिलो समयसम्म रहने भएकाले आवश्यक तयारी गर्न बैठक बसेको हो । कोशी प्रदेशका मुख्यमन्त्री हिक्मत कुमार कार्कीको अध्यक्षतामा बसेको प्रदेश विपद व्यवस्थापन परिषद् बैठकले विपत को क्षति कम गर्नका लागि विभिन्न ७ महत्वपूर्ण निर्णय गरेको छ ।

**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७५/०३/०७ मा दर्ता भएको **प्रा. लि. नं. १९२१४३** को **सचेतन ग्रुप प्रा. लि.** को मिति २०८२/०१/०६ गतेमा सम्पन्न विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्विडेटरः शेर बहादुर रोकाया,**
**इजाजतपत्र नं. २८७, फोन नं. ९८५११६३७२३**

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०८२/०२/२७**

**रोम बियोण्ड प्रा.लि.** को २०८२/०१/१८ गते सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **रोमिङ्ग नेपाल होलिडेज प्रा.लि. (प्रा.लि. नं.: ३३९३६८)** कायम गर्ने गरी मिति २०८२/०२/२५ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**चौतारा साँगाचोकगढी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**चौतारा, सिन्धुपाल्चोक**

## आन्तरिक आय तर्फको विद्युतीय दरभाउपत्र आव्हान सम्बन्धी सूचना

**दोस्रो पटक सूचना प्रकाशित मिति : २०८२/०२/२७ गते**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२क मा भएको व्यवस्था, यस नगरपालिकाको आन्तरिक आय संकलन (ठेक्का बन्दोवस्त) सम्बन्धी कार्यविधि, २०७५ (संसोधित सहित), स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन, बागमती प्रदेश सरकारको प्रदेश आर्थिक ऐन, २०८१ को दफा ९(१) र सो सँग सम्बन्धित अनुसूची-५, बागमती प्रदेश सरकारको नदीजन्य पदार्थ (संकलन र उपयोग) सम्बन्धमा व्यवस्था गर्न बनेको कार्यविधिमा भएको व्यवस्था र यस चौतारा साँगाचोकगढी नगरपालिकाको मिति २०८२/०१/२३ गतेको नगर कार्यपालिका बैठकको निर्णयानुसार आ.व. २०८२/०८३ को आन्तरिक आय असुल सम्बन्धी कार्य देहाय बमोजिम उल्लेखित ठेक्काद्वारा गराउनका लागि यो सूचना प्रकाशन गरिएको छ । सूचना प्रकाशित भएको मितिले तोकिएको म्याद भित्र कानूनी प्रकृया पुरा गरेको इच्छुक फर्महरुले विद्युतीय माध्यम (E-Bidding) द्वारा मात्र दरभाउपत्र पेश गर्नुपर्नेछ । अन्य थप जानकारीका लागि कार्यालय समय भित्र चौतारा साँगाचोकगढी नगरपालिकाको कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

| आय ठेक्का नं. | ठेक्काको विवरण | आ.व. २०८२/०८३ को लागि निर्धारण ढुङ्गा, गिट्टी, वालुवा ग्राभेल रोडा उत्खनन् तथा विक्री (स्वीकृत खानी क्षेत्र बाहेक) विक्री परिमाण (घन फिटमा) | आ.व. २०८२/०८३ को लागि निर्धारण ढुङ्गा, गिट्टी, वालुवा ग्राभेल रोडा (स्वीकृत खानी क्षेत्र बाहेक) उत्खनन् संकलन समेत विक्री मुल्य रु. | ढुङ्गा, गिट्टी वालुवा स्लेट ग्राभेल रोडा उत्खनन् तथा विक्री (स्वीकृत खानी क्षेत्र बाहेक) संकलन तथा विक्री शुल्क वापत हुने कुल न्यूनतम अंक (कर तथा भ्याट बाहेक) | दरभाउपत्र दस्तुर |
|---|---|---|---|---|---|
| १/ २०८२/०८३ (Re) | इन्द्रावती नदीको बनदेऊको ५९ कि.मी. देखि भ्याडी खोला सम्मको क्षेत्रमा ढुंगा, गिट्टी, वालुवा, ग्राभेल र रोडा उत्खनन् तथा विक्री (स्वीकृत खानी क्षेत्र बाहेक) | १,५७,९७,०२३/११ (एक करोड सन्ताउन्न लाख सन्तानब्बे हजार तेईस दशमलव एघार घन फिट) | ७/- (सात) | ११,०५,७९,१६१/७७ (एघार करोड पाँच लाख उनासी हजार एक सय एकसट्ठी रुपैंया सतहत्तर पैसा) | १०,०००/- (दश हजार) |

**ठेक्का सम्बन्धी शर्तहरु :**

१. माथि उल्लेखित ठेक्काको बोलपत्र भर्दा कबोल अंक र अक्षर दुवैमा खुलाउनु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा उल्लेख भएको रकमलाई मान्यता दिईनेछ । साथै उक्त आय ठेक्काहरुमा जुन कबोल अंक बढी हुन्छ सो कबोल कर्ताको बोलपत्र स्वीकृत गरिनेछ ।
२. ठेक्का अवधि प्रचलित कानून बमोजिम आ.व. २०८२/०८३ सम्म कायम रहनेछ । ठेक्का अवधिमा आषाढ, श्रावण र भाद्र महिनामा नदीबाट नदीजन्य पदार्थ उत्खनन् तथा संकलन गर्न पाईने छैन । परिमाणका आधारमा ठेक्का सम्झौता हुने भएकाले बन्द हड्ताल आदिका कारण केहि दिन काम सूचारु नभएको अवस्थामा कुनैपनि किसिमको दावी विरोध गर्न पाईने छैन । तर संघीय सरकार, प्रदेश सरकार, यस नगरपालिका तथा अदालतको आदेश वा निर्णय र अन्य कुनै कारणबाट ठेक्का अवधि भित्र सम्झौता उल्लेख भएको परिमाण उठाउन नपाएमा दोस्रो पक्षले उचित र प्रयत्न कारण देखाई माग दावी गर्न वाधा पर्ने छैन ।
३. माथि उल्लेखित सबै ठेक्काहरुको कबोल अंकको थप मुल्य अभिवृद्धि कर (१३ प्रतिशत) राजश्व ठेक्का लिने फर्मले यस कार्यालयमा बुझाउनुपर्नेछ ।
४. धरौटी वापत कबोल गरेको अंकको ५ (पाँच) प्रतिशत रकम यस कार्यालयको नेपाल बैंक लि. चौतारा स्थित बैंक धरौटी खाता नं. ०५७०३००००३००००००००१ मा नगद दाखिला गरेको सक्कल भौचर वा दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिबाट १२० दिन सम्म म्याद भएको "क" वर्गको वाणिज्य बैंकको जमानत (विड वण्डको सक्कल प्रति) दरभाउपत्र साथ संलग्न गरी पेश गर्नुपर्नेछ । धरौटी वापत जम्मा गरेको रकमलाई किस्तामा समावेश गर्न पाईने छैन र उक्त बैंक जमानत तथा नगद धरौटी नियमानुसार कागजात पेश गरिसके पछि प्रचलित कानून बमोजिम फिर्ता गरिनेछ ।
५. प्रचलित कानून बमोजिम कबोल गरेको रकम एकमुष्ठ अग्रिम रुपमा बुझाएमा ५ (पाँच) प्रतिशत सम्म रकम छुट दिईनेछ । तर नियमानुसार लाग्ने मु.अ. कर प्रयोजनाको लागि भने छुट दिईने छैन । बोलपत्र खरिद गर्दा नियमानुसार लाग्ने दस्तुर वापतको रकम यस कार्यालयको नेपाल बैंक लि., चौतारा शाखामा रहेको आन्तरिक राजश्व खाता नं. ०५७०३०००००१००१००००००१ मा दाखिला गर्नुपर्नेछ ।
६. कारण जनाई वा नजनाई वोलपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार कार्यालयमा सुरक्षित रहनेछ ।
७. दरभाउपत्र दिँदा कुनै किसिमको शर्त मान्य हुने छैन । साथै रित नपुगी आएको दरभाउपत्र उपर कुनै कारवाही हुने छैन ।
८. ठेक्कामा कुनै विवाद भएमा चौतारा साँगाचोकगढी नगर कार्यपालिकाको निर्णय अन्तिम हुनेछ ।
९. उक्त ठेक्काहरुको E-Submission गर्ने दरभाउपत्रदाताले दरभाउपत्र दाखिला गर्ने अन्तिम मिति २०८२/०३/११ गते दिनको १२:०० बजे भित्र PDF Format मा Upload गरी सक्नु पर्नेछ । Upload भएका दरभाउपत्रहरु सोही दिनको १:०० बजे चौतारा साँगाचोकगढी नगरपालिकाको कार्यालयमा खोलिनेछ साथै उक्त सूचना चौतारा साँगाचोकगढी नगरपालिकाको वेवसाईट chautaramun.gov.np मा राखिएको छ र दरभाउपत्र फाराम PPMO को वेवसाईट http://www.bolpatra.gov.np/egp बाट E-Bidding मार्फत् पेश गर्न सकिनेछ ।
१०. दरभाउपत्र फारामहरु दाखिला गर्ने र खोल्ने दिन सार्वजनिक विदा परेमा सो लगत्तै कार्यालय खुलेको दिन क्रमश सोही समयमा हुनेछ । तर बिड वण्डको मान्य अवधि सुरुकै मितिबाट कायम हुनेछ ।
११. यस सूचनामा उल्लेख भएका शर्तहरुका अतिरिक्त दरभाउपत्र साथ संलग्न गरिएको आय ठेक्का सम्बन्धी अन्य शर्तहरुका प्रत्येक बुँदाहरु यसै सूचनाका शर्त सरह लागू हुनेछ ।
१२. यस सूचना तथा दरभाउपत्र साथ संलग्न अन्य शर्तहरु पूरा नभएका दरभाउपत्रहरु मुल्याङ्कनमा समावेश गरिने छैन ।
१३. नेपाल सरकार तथा बागमती प्रदेश सरकारबाट ढुङ्गा, गिटी, वालुवा स्लेट ग्राभेल र रोडा घाटगद्दी एवं विक्री (स्वीकृत खानी क्षेत्र बाहेक) वापतको शुल्क (कर) मा हेरफेर गरेको अवस्थामा सो शर्तहरु ठेकेदारहरुले अनिवार्य रुपमा पालना गर्नुपर्नेछ । प्रदेश सरकारबाट थपघट भएको करको अनुपातमा ठेक्का अंक निर्धारण गरिनेछ । सो बमोजिम पेश गर्नुपर्ने किस्ता रकम वा बैंक ग्यारेन्टी सम्बन्धित ठेकेदारले बुझाउनुपर्नेछ ।
१४. अन्य कुराहरु यस कार्यालयको सूचना पाटीमा टाँस गरिएको सूचना तथा अन्य प्रचलित ऐन कानून बमोजिम हुनेछ ।
१५. बुँदा नं. ५ बमोजिम एकमुष्ठ रकम नबुझाएमा कुल कबोल अंक मध्ये पहिलो किस्तामा बुझाउनुपर्ने रकम बाहेक बाँकी रकमको ठेक्का अवधिमा १ महिना थप भएको सम्मका चौतारा साँगाचोकगढी नगरपालिकाको कार्यालयले तोकेको निर्धारित ढाँचामा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त 'क' वर्गका वाणिज्य बैंकको जमानत (परफरमेन्स वण्ड) पेश गरे पश्चात् मात्र ठेक्का सम्झौता गरी कार्यादेश दिईनेछ ।
१६. कायम हुन आएको ठेक्का अंक रकमको भुक्तानी तालिका देहाय अनुसार हुनेछ ।

| किस्ता | किस्ता बुझानुपर्ने मिति | रकम रु. |
|---|---|---|
| प्रथम | ठेक्का स्वीकृत भएको मितिले ७ दिन भित्र | कबोल अंकको ३५ प्रतिशतले हुन आउने रकम |
| दोस्रो | २०८२ साल पौष मसान्त भित्र | कबोल अंकको ४० प्रतिशतले हुन आउने रकम |
| तेस्रो | २०८३ साल जेष्ठ मसान्त भित्र | कबोल अंकको २५ प्रतिशतले हुन आउने रकम |

१७. ठेक्का कबोल गर्ने ठेकेदारले तोकिएको शुल्क उठाउँदा प्रयोग गर्ने रसिदहरु ठेकेदारले आफ्नो तर्फबाट छपाई उक्त रसिदहरु यस कार्यालयबाट प्रमाणित गराई प्रयोग गर्नुपर्नेछ । प्रमाणित नगरेको रसिदबाट शुल्क उठाइएको पाइएमा नियमानुसार कारवाही गरिनेछ ।
१८. माथि शर्त नं. १७ मा उल्लेख गरिएको रसिदहरुबाट आम्दानी गरिएको रकम आय खातामा मु.अ. करको हिसाब निकाल्नका लागि रसिद नं. को क्रमानुसार लेखाङ्कन गरी खाता र रसिद मासिक रुपमा अर्को महिनाको ७ गते भित्र यस नगरपालिकाको कार्यालयमा बुझाउनु पर्नेछ ।
१९. ठेकेदारले उठाउने कर शुल्क कार्यालयद्वारा तोकिएको संकलन केन्द्रमा नै उठाउनु पर्नेछ । साथै दररेट सहित कार्यालयले तोकेको विवरण भएको साइनबोर्ड सबैले देख्ने गरी सम्बन्धित केन्द्रमा राखिएको हुनुपर्नेछ ।
२०. नगरपालिकालाई बुझाउनु पर्ने बाँकी बक्यौता भएको वा कालो सुचीमा परेको व्यक्ति/फर्मको बोलपत्र स्वीकृत गरिने छैन ।
२१. ढुङ्गा, गिटी, बालुवा, ग्राभेल रोडा आदिको कर प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनले निषेध गरेको स्थानमा बसी संकलन गर्न पाईने छैन ।
२२. जमानी वापत बोलपत्रमा आफुले भरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख भएको हुनुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ ।
२३. तोकिएको समयमा तोकिएको किस्ता रकम बुझाउनु पर्नेछ । अन्तिम किस्ता रकम समेत तोकिएको समयमा नबुझाएमा पेश गरिएको बैंक जमानतबाट सम्झौता अनुसारको ठेक्का रकम अशुल उपर गरिनेछ । सो उपर ठेकेदारले कुनै किसिमको हर्जना दावी गर्न पाउने छैन ।
२४. प्रचलित कानून सम्झौता र सूचनाको शर्त विपरित कार्य गरेमा जुनसुकै अवस्थामा पनि कार्यालयले ठेक्का तोड्न सक्नेछ र त्यसबाट कार्यालयलाई हानी नोक्सानी भएमा ठेक्का लिने पक्षबाट सरकारी बाँकी सरह अशुल उपर गरिनेछ ।
२५. यस नगरपालिका भित्रका नदी नालाबाट ढुङ्गा, गिटी, वालुवा निकाली संकलन तथा विक्री गर्ने क्रममा नगरपालिका भित्रका पक्की पुलको तल ५०० मिटर क्षेत्रबाट निर्माण सामाग्री उत्खनन् गरी विक्री गर्न कानूनले पुर्ण रुपमा प्रतिबन्ध लगाएको हुँदा कर संकलनले सो कुरालाई पुर्ण रुपमा ध्यान दिनुपर्नेछ । ढुङ्गा, गिटी, वालुवा उत्खनन् तथा संकलन गर्दा स्वीकृत भएको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदनले नक्साङ्कन गरेको क्षेत्रमा तोकिएको परिमाण उत्खनन् गर्न वाधा पर्ने छैन । तर प्रारम्भिक वातारणीय परीक्षण (IEE) प्रतिवेदन प्रतिकुल हुने गरी उत्खनन् तथा विक्री संकलन गर्न पाईनेछैन ।
२६. यस कार्यालयमा पेश हुन आएको दरभाउपत्र, दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहबरमा खुल्नेछ । तर दरभाउपत्रदाता वा निजको प्रतिनिधि सो समयमा उपस्थित नभए पनि कार्यालयको प्रतिनिधिको रोहबरमा खोल्न सकिनेछ ।
२७. दरभाउपत्र पेश गर्दा पेश गर्ने फर्म वा कम्पनीका व्यवसायी नवीकरण प्रमाण पत्र, स्थायी लेखा नं., मु.अ. कर प्रमाण पत्रको प्रतिलिपि र कर चुक्ता प्रमाण (२०८०/०८१) पत्रको प्रतिलिपि संलग्न राखी पेश गर्नुपर्नेछ ।
२८. दरभाउपत्र फाराम नियमानुसारको राजश्व तिरी PPMO को वेवसाईट http://www.bolpatra.gov.np/egp बाट E-Bidding मार्फत् डाउनलोड गरी पेश गर्न सकिनेछ ।
२९. ढुङ्गा, गिटी, वालुवा, रोडा आदिको संकलन तथा विक्रीका सम्बन्धमा जिल्ला स्तरीय र नगर स्तरीय अनुगमन समितिले दिएका सुझाव तथा निर्देशनहरु पुर्ण रुपमा पालना गर्नुपर्नेछ ।
३०. उपरोक्त अनुसार उल्लेख भएका शर्तहरुको हकमा यसै अनुसार हुने र उल्लेख नभएकाहरुको हकमा प्रचलित कानून तथा ठेक्का स्वीकृत पश्चात् गरिने सम्झौता अनुसार हुनेछ ।
३१. अन्य विस्तृत जानकारीका लागि यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**
**चौतारा साँगाचोकगढी नगरपालिका**

# ‘महाराजधिराज’मा प्रमुख कलाकारहरूको लाइनअप पूरा



**काठमाडौं / मस-** निर्देशक परिच्छेद सेनको आगामी नेपाली चलचित्र ‘महाराजधिराज’मा अभिनेत्री उषा रजक अनुबन्ध भएपछि फिल्मको मुख्य कलाकारको टोली पूरा भएको छ।

सोमबार निर्माण टिमले रजकलाई चलचित्रको एक प्रमुख भूमिकामा अनुबन्ध गरेको हो। यसअघि नै आर्यन सिक्देल, रमेश उप्रेती, पल शाह र पुष्प खड्का जस्ता चर्चित अभिनेता फिल्ममा फाइनल भइसकेका छन्। अभिनेत्रीको तर्फबाट वर्षा राउत र वर्षा शिवाकोटी पनि मुख्य भूमिकामा अनुबन्ध भएका छन्।

‘महाराजधिराज’ले पुराना र नयाँ पुस्ताका कलाकारहरूलाई मिसाएर दर्शकलाई फरक स्वाद दिने तयारीमा छ। फिल्ममा यसअघि नै जय किशन बस्नेत, गजित विष्ट र आशा पौडेल पनि अनुबन्ध भइसकेका छन्।

प्रस्तुतकर्ता विराज बिष्टका अनुसार उषा रजकको अनुबन्धसँगै प्रमुख कलाकारहरूको लाइनअप अन्तिम भएको हो। उनले भने, ‘हामीले अभिनयमा अनुभवी र चर्चित अनुहारहरूलाई समेटेका छौं। अब केही सहायक भूमिकामा कलाकार चयन बाँकी छ। हाम्रो टोली मजबुत बनेको छ।’

छत्रेश्वर म्यानेजमेन्ट प्रालिको ब्यानरमा निर्माण हुने यो चलचित्रमा निर्देशक सेन स्वयंको लेखन रहेको छ। उनले यसअघि निर्देशन गरेको सिनेमा ‘प्रेमगञ्ज’ समीक्षात्मक रुपमा अब्बल ठहरिएको थियो।

‘महाराजधिराज’का निर्मातामा टोपेन्द्र विष्ट, चक्रबहादुर केसी र रवि खड्का हुन्। ‘महाराजधिराज’ आगामी फूलपातीमा देशभर प्रदर्शनमा आउने तयारीमा छ। छायांकन मिति र प्राविधिक टोलीको विस्तृत विवरण चाँडै सार्वजनिक गरिने निर्माणपक्षले जनाएको छ।

# फुलाराको ‘पुतली’ सार्वजनिक




**काठमाडौं / मस-** साहित्यकार भीष्मराज फुलाराको शब्द र राजेन्द्र बजगाईंको संगीत रहेको ‘पुतली’ बोलको गीत सार्वजनिक भएको छ।

गायक आशिष अबिरल र गायिका एलिना चौहानको आवाजमा रहेको गीतमा बलिउडको चर्चित फिल्म ‘सञ्जु’को ‘मै भी बढिया, तू भी बढिया’ लगायत थुप्रै हिट गीतहरूमा संगीत संयोजन गरेका भारतीय संगीत संयोजक निषाध चन्द्रको संगीत संयोजन रहेको छ। गीतको मिक्सिङ र माष्टरिङ पनि गायक आशिष अबिरलले नै गरेका हुन्।

‘पुतली’ गीत एपी चलचित्र प्रोडक्सनको युट्युब च्यानलमार्फत सार्वजनिक भएको हो। गीतको भिडियो सुनिल बिकको निर्देशनमा तयार गरिएको हो, जसमा चर्चित मोडल प्रदिप लामा र जुना सुन्दास मुख्य भूमिकामा देखिएका छन्। उनीहरूलाई अनिशा क्षेत्री, लाक्पा लामा, तनुजा बुढा मगर र सुमित राजबंशीले अभिनयमा साथ दिएका छन्।

भिडियोको कोरियोग्राफी शियोन श्रेष्ठले गरेका छन् भने छायांकन अनिल के. मानन्धर, सहायक छायांकन राजु लामा, ड्रोन अपरेटर अविनाश मानन्धर रहेका छन्। भिडियो सम्पादनमा प्रविन भट्ट, कलरिङमा मिलन विश्वकर्मा, श्रृंगारमा ज्योती केसी र नविन खड्का, र प्रोडक्सन व्यवस्थापनमा निर्मल न्यौपानेको टिम संलग्न रहेको छ।

# निक्षेपउपर हकदावीगर्ने सम्बन्धी १५ दिने सूचना

तपसिलमा उल्लिखित यस बैंकका खातावालहरुको मृत्यु भएको हुँदा निजहरुको नाममा यस बैंकको शाखा कार्यालयहरुको खातामा रहेको रकम पाउँभनी मृतकका देहायकाहकवालाहरुले आवश्यक। कागजात सहित यस बैंकका सम्बन्धित शाखामा निवेदन दिनुभएको हुँदा उक्तखातावालको नाममा रहेको निक्षेपमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिमको अग्र प्राथमिकतामा अन्य कुनै हकदार भएको भए त्यस्ता हकदारले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र स-प्रमाण यस बैंकमा हकदावी गर्न यो सूचना प्रकाशित गरिएको छ। म्याद भित्र हकदावी गर्न नआएमा निवेदकको निवेदन बमोजिमभई जाने जानकारी गराइन्छ।

| सि.नं | मृतकखातावालको नाम | ठेगाना | खाता नं. | शाखा | मृत्यु भएको मिति | हकदाबीगर्ने/निवेदकको नाम, ठेगाना र (मृतकसंगको नाता) |
|---|---|---|---|---|---|---|
| १ | **कमल सिंह राना**<br>बाबु : इन्द्र बहादुर राना<br>बाजे : बलिराम राना | आलिताल गा.वि.स वडा नं ०५, डडेल्धुरा | बचत खाता नं. **०६८१००१७५०५६१७** | आलिताल | **२०८१/०१/२५** | आलिताल गा.पा. वडा नं ०८ डडेल्धुरा बस्ने गिता राना मगर (श्रीमती) |
| २ | **रमेश कुमार क्षेष्ठ**<br>प्रोप्राईटर : पूर्णागिरी निमार्ण सेवा<br>बाबु : गणेश मान क्षेष्ठ<br>बाजे : देवीलाल क्षेष्ठ | डडेल्धुरा जिल्ला, आलिताल गा.वि.स वडा नं.२, डडेल्धुरा | चल्ती खाता नं. **६८०१०१७५००१०८** | आलिताल | **२०७९/१०/२२** | कैलाली जिल्ला, गोदावरी न.पा. वडा नं.२ बस्ने अनिता क्षेष्ठ (श्रीमती) |
| ३ | **फुलमति देवि**<br>बाबु : कैलेश्वर दहैत<br>बाजे : रोवन दहैत | पर्सा जिल्ला, पटेर्वा सुगौली गाँउपालिका वडा नं. ३ | बचत खाता नं. **००५१००१७५१७३३९** | बिरगन्ज | **२०८०/०८/२१** | पर्सा जिल्ला, पटेर्वा सुगौली गाँउपालिका वडा नं.३ बस्ने बलेश्वर चौधरि (छोरा) |
| ४ | **फैयाजुल हक उस्मानि**<br>बाबु : नैमुल हजाम<br>बाजे : राजायुल मिया | पर्सा जिल्ला विरगंज महानगर पालिका वडा नं. २ | बचत खाता नं. **००५१००१७५१११२२** | बिरगन्ज | **२०८१/०५/०३** | पर्सा जिल्ला विरगंज महानगरपालिका वडा नं.२ बस्ने सबाना खतून (श्रीमति) |
| ५ | **ललवा चमार**<br>बाबु : अमिरी चमार<br>बाजे : दरसन राम | जिल्ला सर्लाही, कौडेना गा.पा. वडा नं.२ साविक जिल्ला सर्लाही फुलपरासी गा. वि. स. वडा नं. ९ | बचत खाता नं. **२१८१००१७५१२५८९** | कौडेना | **२०८१/०८/२८** | जिल्ला सर्लाही कौडेना गा.पा. वडा नं.२ बस्ने जयपति कुमारी महरा (श्रीमती) |
| ६ | **इन्द्र मान रंजितकार**<br>बाबु : नारायण मान रंजितकार<br>श्रीमती : गिता रंजित | बागमती प्रदेश, काठमाण्डौ जिल्ला, काठमाण्डौ महानपालिका वडा नं. २३, चिकंमुगल, काठमाण्डौं | बचत खाता नं. **०११००१०२७७२०१** | तीनधारा | **२०८१/१२/१४** | बागमती प्रदेश, काठमाण्डौ जिल्ला, काठमाण्डौं महानपालिका वडा नं.२३, चिकंमुगल, काठमाण्डौं बस्ने जितेन्द्र मान रंजीत (छोरा) |
| ७ | **प्रदिप श्रेष्ठ**<br>बाबु : देवी दास श्रेष्ठ<br>बाजे : गोपाल दास श्रेष्ठ | जिल्ला ईलाम, ईलाम न.पा. वडा नं.७, हाकिमटोल ईलाम | बचत खाता नं. **१४३१००१७५०२३३८** | ईलाम | **२०८१/११/२६** | जिल्ला ईलाम, ईलाम न.पा. वडा नं.७, हाकिमटोल ईलाम नेपाल बस्ने ममता श्रेष्ठ (श्रीमती) |
| ८ | **अम्बर बहादुर थापा**<br>बाबु : कृष्ण बहादुर थापा<br>बाजे : बिष्णु बहादुर थापा | ललितपुर जिल्ला, ललितपुर महानगरपालिका, वडा नं. १७ | बचत खाता नं. **०२१००१७५०९७४६** | ललितपुर | **२०७८/०२/१२** | ललितपुर जिल्ला, सातदोबाटो ललितपुर, वडा नं. १७ बस्ने योएल थापा नाता (छोरा) |
| ९ | **श्रीमती दुर्गा थापा**<br>बाबु : मोहन बहादुर गिरी<br>बाजे : बत्सा लाल गिरी | बांके जिल्ला, नेपालगंज उप महानगरपालिका वडा नं १८ | बचत खाता नं. **०८२१००१७५००६४३** | काडांघारी | **२०८१/०८/१२** | बांके जिल्ला, नेपालगंज उप महानगर पालिका, वडा नं १८ हाल कागेश्वरी मनोहरा वडा नं ९, काठमाण्डौं बस्ने श्री तुला सिंह थापा (श्रीमान) |
| १० | **रत्नमान बर्जाचार्य**<br>बाबु : काजी मान बर्जाचार्य<br>बाजे : धन ज्योति बर्जाचार्य | बागमती प्रदेश, धादिङ जिल्ला, वडा नं. ३, रुवी भ्याली गाउपालिका, नेपाल | बचत खाता नं. **१९७१००१७५०४०७९** | प्रयागपोखरी | **२०८१/११/१८** | बागमती प्रदेश, धादिङ जिल्ला, वडा नं. ३, रुवी भ्याली गाउपालिका ,नेपाल बस्ने, मिन बहादुर बर्जाचाय नाता (छोरा) |
| ११ | **दुर्गा वहादुर राई**<br>बाबु : जस्त वहादुर राई<br>बाजे : छवि राई | मोरङ्ग जिल्ला लेटाङ्ग न.पा.वडा नं. २ | बचत खाता नं. **०८७१००१७५०८४२१** | विराटचोक | **२०८१/०८/३०** | मोरङ्ग जिल्ला लेटाङ्ग न.पा.वडा नं. २ बस्ने काजिनी राई नाता (श्रीमती) |
| १२ | **श्रीधर प्रसाद गरतौला**<br>बाबु : कृष्ण प्रसाद गरतौला<br>बाजे : लिला प्रसाद | ललितपुर जिल्ला ललितपुर महानगरपालिका वडा नं. १, | ब्चत खाता नं. **९६१००१७५००७६०** | नयाँ बानेश्वर | **२०८१/१२/२५** | ललितपुर जिल्ला ललितपुर महानगर पालिका वडा नं. १, ललितपुर बस्ने निरज प्रसाद गरतौला नाता (छोरा ) |
| १३ | **टंक बहादुर अधिकारी**<br>बाबु : नर बहादुर अधिकारी<br>बाजे : लक्ष्मण बहादुर अधिकारी | चितवन जिल्ला रत्ननगर नगर पालिका वडा नं. १५ | बचत र चल्ती खाता नं. **०६४१००१७५०१४६३**<br>**०६४०१०१७५००२१०** | टाँडी | **२०८१/१२/२७** | चितवन जिल्ला, रत्ननगर नगरपालिका वडा नं. १५ बस्ने नल कुमारी अधिकारी नाता (श्रीमती) |
| १४ | **प्रेम बहादुर चन्द**<br>बाबु: दल बहादर चन्द<br>पत्नी : अन्जना कुमारी चन्द | सल्यान जिल्ला दार्मा गाउँपालिका वडा नं ४ | बचत खाता नं **०७३१००१७५०७७३७** | दार्मा | **२०८१/१२/३१** | सल्यान जिल्ला दार्मा गाउँपालिका वडा नं ४ बस्ने अन्जना कुमारी चन्द नाता (श्रीमती) |
| १५ | **उमानाथ पाण्डे**<br>बावु : प्रेम नारायण पाण्डे<br>बाजे : चक्रपाणी पाण्डे | पाल्पा जिल्ला तानसेन नगरपालिका वडा नं.१३ | बचत खाता नं. **१०१००१०२६४३०१** | बुटवल, रुपन्देही | **२०६३/०५/१७** | पाल्पा जिल्ला तानसेन नगरपालिका वडा नं.१३ बस्ने यिम कुमारी पाण्डे नाता (श्रीमती) |
| १६ | **श्री नारायण चौधरी**<br>बावु : धनिराम चौधरी<br>बाजे : बलबिर चौधरी | लुम्बिनी प्रदेश, दाङ जिल्ला, घोराही उप महानगरपालिका, वडा नं. ७ | बचत खाता नं. **०२६१००१७५०९३२३** | घोराही | **२०८०/०१/१६** | दाङ जिल्ला, घोराही उप महानगरपालिका, वडा नं. ७ मा ब:ने लहिया चौधरी (श्रीमती) |
| १७ | **राजेन्द्र महर्जन**<br>बाबु : भक्त बहादुर महर्जन<br>बाजे : बुद्ध सिं महर्जन | हालको ठेगाना बागमती प्रदेश काठमाण्डौ जिल्ला कीर्तिपुर नगरपालिका वडा नं. २, | बचत खाता नं. **१२९१००१७५०११०६** | कीर्तिपुर | **२०८१/११/०५** | बागमती प्रदेश काठमाण्डौं जिल्लाकीर्तिपुर नगरपालिका वडा नं. २, बस्ने शोभा तुलाधर (श्रीमती) |
| १८ | **सेति कुमारी काङमुङ**<br>बाबु : गगन बहादुर सलामी<br>ससुरा : पूर्ण बहादुर काङमुङ | सुर्खेत जिल्ला, बराहताल गा. पा वडा नं. ५ | बचत खाता नं. **६९१००१७५००२७९** | बराहताल | **२०८१/१२/२६** | सुर्खेत जिल्ला बराहताल गा. पा वडा नं. ५ बस्ने जैय बहादुर काङमुङ (श्रीमान) |
| १९ | **राम बहादुर धौबजी**<br>बाबु : चन्द बहादुर धौबजी<br>वाजे : कुल बहादुर धौबजी | भक्तपुर जिल्ला बालकुमारी गाउँपालिका वडा नं ०१ हाल भक्तपुर जिल्ला, मध्यपुर थिमि न.पा.वडा नं ०२, गट्ठाघर | बचत खाता नं. **३४१००१७५०५७०४** | कौशलटार | **२०८१/११/२६** | भक्तपुर जिल्ला, मध्यपुर थिमि न.पा. वडा नं ०२, गट्ठाघर बस्ने राधिका श्रेष्ठ (श्रीमती) |
| २० | **जङमु शेर्पा**<br>बाब : कर्मा शेर्पा<br>बाजे : सुङदि मिजार शेर्पा | दोलखा जिल्ला, गौरीशकंर गाउँपालिका वडा नं.०९ | **बचत खाता नं. ४०१००१७५०५३२२** | चरिकोट | **२०८२/०१/२०** | दोलखा जिल्ला, गौरीशकंर गाउँपालिका वडा नं.०९ बस्ने देन्डी शेर्पा (साइला भाई) |

**NABIL BANK®**
प्रधान कार्यालय, दरवारमार्ग, काठमाडौं फोन नं. ०१-५९७१८७१

## जे.पी. क्लासिक इन्टरनेशनल प्रा.लि. को
## चुक्ता पुँजी घटाइएको बारे सार्वजनिक सूचना

**(तेस्रो पटक प्रकाशित मिति २०८२/०२/२७)**

यस सूचना मार्फत सबै सरोकारवाला महानुभावहरूलाई जानकारी गराइन्छ कि, कम्पनी जे.पी. क्लासिक इन्टरनेशनल प्रा.लि., कम्पनी दर्ता नं. ३१५८१९/०८०/०८१ ले कम्पनी ऐन, २०६३ को दफा ५८(१) बमोजिम चुक्ता पुँजी घटाउने निर्णय गरेको छ। कम्पनीको प्रारम्भमा अधिकृत पुँजी रु. ५,००,००,०००।- (पाँच करोड रुपैयाँ) र चुक्ता पुँजी ४,००,००,०००।- (चार करोड रुपैयाँ) कायम थियो। अब उक्त पुँजी घटाएर रु. २,५०,००,०००।- (दुई करोड पचास लाख रुपैयाँ) मात्र कायम गर्ने गरी मिति २०८२/०२/०५ को विशेष साधारण सभाले प्रस्ताव पारित गरेको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

यसरी घटाइएको चुक्ता पुजी कम्पनीको हालको व्यवसायिक आवश्यकतालाई मध्यनजर गर्दै गरिएको हो। कम्पनीका एकमात्र शेयरधनी श्री हरि शंकर ठाकुरलाई समायोजनपश्चात कायम रहने चुक्ता पुँजीको शेयर पुनः वितरण गरिनेछ।

उक्त प्रक्रिया उच्च अदालत, पाटनबाट स्वीकृति प्राप्त गरी सम्पन्न गर्न लागिएको छ। सार्वजनिक सूचनाको यस प्रकाशनसँगै, यदि कसैलाई सो बमोजिमको चुक्ता पुँजी घटाउने कार्यप्रति कुनै गुनासो, आपत्ति वा दाबी भएमा यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र लिखित रूपमा कम्पनीको ठेगाना वा सम्बन्धित निकायमा जानकारी गराउन हुन यो सूचना प्रकाशित गरिएको छ। अन्यथा कानुन वमोजिम भै जाने पनि सम्बन्धित सबैलाई जानकारी गराइन्छ।

**जे.पी. क्लासिक इन्टरनेशनल प्रा.लि.**
**धनगढी, कैलाली, फोन नं. ९८४१२२७३२६**

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मितिः २०८२/०२/२७**

**फिलिक्स मेटल इण्डष्ट्रिज प्रा. लि.** को मिति २०८२/०१/१५ गते सम्पन्न विशेष/वार्षिक साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **फिलिक्स इलेक्ट्रीक फैब्रिकेटर प्रा. लि. (प्रा.लि नं २८१३१८)** कायम गर्ने गरी मिति २०८२/०१/३१ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

## काठ बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना सच्चाईएको

**प्रकाशित मितिः २०८२/०२/२७**

यस समूहबाट मिति २०८२।०२।१४ गते प्रकाशन गरिएको सूचनामा खयर जातको गोलिया थान १३९ को १२३.८३ घ.फि. काठ हुनुपर्नेमा अन्यथा भएकोले सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ।

**चिरौटै सा.व.उ.स.**
**मधुवन-२, बर्दिया**

## लिलाम बिक्रीको सूचना

**प्रथम पटक सूचना प्रकाशित**
**मिति २०८२/०२/२७**

यस सा.व.उ.स बाट संकलित खयर काठ ७४०.४८ क्यू फिट (हर्ट उड) लिलाम बिक्री गर्नु परेकोले सुचीकृत उद्योगहरूलाई यो २१ दिने सूचना प्रकाशित गरिएको छ। थप जानकारीको लागि समूहमा सम्पर्क राख्न सकिनेछ।

**शिद्धवराह सा.वन उपभोक्ता समूह,**
**व्यास ११, तनहूँ।**

**UAE मा रोजगार** Safa Al Rimal Cleaning Services
पूर्व स्वीकृती मितिः २०८२/०२/२६ चलानी नं. ६०२३९३०१ LT No.: 325361

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Building Worker/Labour | 11 | काममा दक्ष | 1200 | ८८,७६०।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता २०८२ असार ३ गते (17 June, 2025) यस प्रा. लि. को कार्यालय सुकेधारा, काठमाडौंमा हुनेछ।

रियल रिसोर्स म्यानेजमेन्ट प्रा. लि.
सुकेधारा हाईट, काठमाडौं, नेपाल, फोन : ४४३३१८१, ४४३५०२२
श्रम ईजाजत नं.: ६२८/०६३/६४

**युएईमा रोजगार** कम्पनीः WONDERFUL FACILITIES MANAGEMENT SERVICES L.L.C शहरः UAE
पूर्व स्वीकृत मितिः २०८२/०२/२६ चलानी नं.: ६०२३९३०६ LT. No.:325312

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Stewards For Restaurant | 11 | 0 | स. काममा दक्ष | 1000 | ३७,२२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असार ३ गते (17 June 2025) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

Tiger Management System Pvt.Ltd.
Tokha-10, Kathmandu, Nepal. Tel No: 01- 4975097, 9851273902,
Email: info@tigermanagementsyste.com, Website: www.tigermanagementsstem.com
श्रम इजाजत पत्र नं.: १७३७/०८१/०८२

# तेस्रो दम्माम च्याम्पियन कपको उपाधि आयोजक युनाइटेडलाई



**अन्जान गुभाजु/मध्यान्ह**
दमाम, साउदी अरब, २६ जेठ

साउदी अरेबियाको पूर्वी क्षेत्र दम्माममा आयोजित तेस्रो दम्माम च्याम्पियन कप-२०८२ को उपाधि आयोजक युनाइटेड नेपाल फुटबल क्लब दम्मामले जितेको छ । मुस्लिम धर्मावलम्बीहरूको महान चाड बकर इद (इद-उल-अजहा) को अवसर पारेर युनाइटेड क्लबले आयोजना गरेको प्रतियोगिता जेठ २३ गते शुक्रबारदेखि २५ गते आइतबारसम्म (२०२५ जुन ६-८) तीन दिनसम्म सञ्चालन भएको थियो । खेलहरू अलखोबारको अजेजियाको तुक्वा खेल मैदानमा सम्पन्न भएका थिए ।

आइतबार बिहान सम्पन्न फाइनल खेलमा युनाइटेड नेपाल फुटबल क्लब पाथीभरा फुटबल क्लबलाई २-१ गोल अन्तरले पराजित गर्दै उपाधि चुम्न सफल भयो । प्रतियोगितामा साउदी अरेबियाका विभिन्न शहरबाट सहभागी २१ नेपाली फुटबल क्लबबीच प्रतिस्पर्धा भएको थियो ।

विजेता युनाइटेड क्लबले नगद ७ हजार ७७७ साउदी रियाल (अन्दाजी २ लाख ८० हजार नेपाली रुपैयाँ), ट्रफी, प्रमाणपत्र र मेडल प्राप्त गर्‍यो भने उपविजेता पाथीभरा क्लबले ४ हजार ४४४ साउदी रियाल (अन्दाजी १ लाख ६० हजार नेपाली रुपैयाँ), ट्रफी, प्रमाणपत्र र मेडलमा चित्त बुझायो ।

प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गर्ने खेलाडी तथा व्यवस्थापकहरूलाई विशेष सम्मान गरिएको थियो । युनाइटेड क्लबका तर्फबाट उज्वल घिमिरे उत्कृष्ट गोलकिपर, विशाल पुन उत्कृष्ट डिफेन्डर, अर्जुन तामाङ उत्कृष्ट स्ट्राइकर, सनम देवान हाइ स्कोरर, कप्तान योञ्जन हमाल मोस्ट भ्यालुएबल प्लेयर, धर्मप्रसाद भट्टराई उत्कृष्ट कोच र ओमबहादुर कुमाल उत्कृष्ट म्यानेजर घोषित भए । पाथीभरा क्लबका राजेश उरा उत्कृष्ट मिडफिल्डर र सुशील माझी फाइनल म्याचको म्यान अफ द म्याच घोषित भए । अनुशासन र खेल भावनाका आधारमा चन्द्र-सूर्य फुटबल क्लबलाई 'फेयर प्ले टिम' घोषणा गरियो ।

प्रतियोगिताको उद्घाटन साउदी अरेबियाका लागि नेपाली राजदूत डा. नरेश विक्रम ढकालले गरेका थिए । उद्घाटन समारोहमा साउदीस्थित विभिन्न संघ-संस्थाका प्रतिनिधिहरूको उल्लेखनीय उपस्थिति रहेको थियो ।

उद्घाटन समारोहमा राजदूत डा. ढकालले भने, 'विदेशी भूमिमा रहेर पनि नेपालीहरूबीच यस्ता खेलकुद कार्यक्रम हुनु अत्यन्त सराहनीय कुरा हो । यसले हाम्रो एकता, अनुशासन र सशक्त समाज निर्माणमा टेवा पुर्‍याउँछ । यस्ता प्रतियोगिताले नेपाली समुदायलाई अझ नजिक बनाउने मात्र होइन, अन्तर्राष्ट्रिय मञ्चमा हाम्रो पहिचान बलियो बनाउन मद्दत गर्दछ ।'

आयोजक क्लबले प्रतियोगिता सफल बनाउन योगदान पुर्‍याउने सम्पूर्ण खेलाडी, व्यवस्थापक, स्वयंसेवक, दर्शक र समर्थकहरूलाई धन्यवाद ज्ञापन गरेको छ । यस्ता खेलकुद गतिविधिले साउदी अरबमा कार्यरत नेपाली आप्रवासी समुदायमा आपसी सद्भाव, मित्रता र एकताको भावना अझ प्रगाढ बनाउने आयोजक समितिको विश्वास छ ।

# क्रिकेट खेलाडीलाई प्रोत्साहन गर्न भारतीय दूतावासले फेलोसिप दिने



**काठमाडौं/मस-** भारतीय दूतावासले नेपाली युवा क्रिकेट खेलाडीलाई प्रोत्साहन स्वरुप फेलोसिप प्रदान गर्ने भएको छ । पहिलो संस्करणको भारतीय राजदूत क्रिकेट प्रतियोगिताको समापनपछि राजदूतावासले 'नेपाली युवाहरूका लागि राजदूत क्रिकेट फेलोसिप'को घोषणा गरेको हो ।

नेपालका २ जना युवा क्रिकेटरलाई भारतका प्रतिष्ठित कोचिङ एकेडेमीमा कोचिङ प्रदान गर्न फेलोसिप दिइने दूतावासले जनाएको छ । नेपालका लागि भारतीय राजदूत नवीन श्रीवास्तवले यो फेलोसिपले युवा विकासलाई सहयोग गर्ने बताए । उनले जनता-जनताबीचको बलियो सम्बन्धलाई प्रवर्द्धन गर्ने भारतको निरन्तर प्रतिबद्धताको अंश रहेको उल्लेख गरे ।

यस्तै राजदूत श्रीवास्तवले खेलकुदको क्षेत्रमा नेपाल-भारत सहकार्यलाई प्रगाढ बनाउन ३ जना यू-१९ नेपाली क्रिकेटरलाई क्रिकेट किट हस्तान्तरण गरे ।

दूतावासले त्रिभुवन विश्वविद्यालय क्रिकेट मैदानमा भारतीय राजदूत क्रिकेट प्रतियोगिताको पहिलो संस्करणको आयोजना गरेको थियो । प्रतियोगितामा भारतीय दूतावास, नेपालको परराष्ट्र मन्त्रालय, बेलायती दूतावास, नेपाल पत्रकार महासंघ, कर्पोरेटहरू र नेपालमा रहेका भारतीय डायस्पोराको प्रतिनिधित्व गर्ने ६ टोलीको सहभागिता थियो । फाइनलपछि ट्रफी वितरण समारोहमा खेलमा उत्कृष्ट प्रदर्शन गर्नेलाई सम्मान गरिएको थियो ।


**दावी विरोध सम्बन्धी**
**वैदेशिक रोजगार विभाग, काठमाडौंको**
**सार्वजनिक सूचना**
**प्रकाशित मितिः २०८२/०२/२७**

नेपाल सरकारबाट बैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजत प्राप्त संस्था **Seven Seas Intercontinental Services Pvt. Ltd** (इ.प.नं. ८८८/०६७/०६८) को संचालक/शेयरधनीले आफ्नो नाममा कायम रहेको शेयरहरु दा. खा. नामसारी गरि पाउन कम्पनी रजिष्ट्रारको कार्यालयका नाममा सहमतिको सिफारिश गरिदिन यस विभागमा निवेदन दिएको हुँदा माग बमोजिम शेयर हक हस्तान्तरण तथा नामसारीको सहमति दिँदा कोही कसैको हक स्वामित्व तथा लेनदेनमा असर पर्ने भए वा कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिनभित्र सबुद प्रमाण सहित **बैदेशिक रोजगार विभागमा** सम्पर्क गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । अन्यथा माग बमोजिम शेयर नामसारीको लागि सहमति भै जाने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईन्छ ।

**तपसिल**

| साविक शेयरधनीको नाम र शेयर संख्या | अब कायम हुने शेयरधनीहरुको नाम र शेयर संख्या |
|---|---|
| १.श्री आशा बजगाई (०१-२४०००) | |
| २.श्री रमेश कार्की (२४००१-३७०००) | १.श्री आशा बजगाई (०१-२४०००) |
| ३.श्री राम प्रसाद बजगाई (३७००१-४२०००) | २.श्री राम प्रसाद बजगाई (२४००१-४२०००) |
| ४.श्री विप्लब बजगाई (४२००१-४७०००) | ३.श्री विप्लब बजगाई (४२००१-५००००) |
| ५.श्री मनोज बराई मगर (४७००१-५००००) | |



**साइप्रसमा रोजगार**

१ कम्पनी: SOL.FE. SOLOMOU CONSULTING SERVICES LTD. शहर: CYPRUS,LARNACA
पूर्व स्वीकृत मिति: २०८२/०२/२२ चलानी नं.: ६०२३९३०० LT. No.: 325280

